का.जि.प्र.का.द.नं. १००/०५९/६०
२७ कात्तिक २०८१,
मंगलबार
12 November, 2024
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक



### वर्ल्डलिंकको कर विवाद मुद्दा

# संसदीय समितिको निर्णयमा सर्वोच्चको प्रश्न

इन्टरनेट सेवा प्रदायक (आइएसपी)ले सेवाग्राहीबाट मर्मत शुल्कबापत लिएको रकम र ग्रामीण दूरसञ्चार विकास कोषमा बुझाउनुपर्ने कर विवादबारे संसदको सार्वजनिक लेखा समितिले कानूनविपरीत निर्देशन दिएको ठहर सर्वोच्च अदालतको छ ।




**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २६ कात्तिक ।

प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिले वर्ल्डलिंकको कर विवादका सम्बन्धमा गरेको निर्णयमाथि प्रश्न उठेको छ ।

इन्टरनेट सेवा प्रदायक (आइएसपी)ले सेवाग्राहीबाट मर्मत शुल्कबापत लिएको रकम र ग्रामीण दूरसञ्चार विकास कोषमा बुझाउनुपर्ने कर विवादबारे संसदको सार्वजनिक लेखा समितिले अघिल्लो कार्यकालमा गरेको निर्णयमाथि सर्वोच्च अदालतले प्रश्न उठाएको हो ।

वर्ल्डलिंक कम्युनिकेसनले दायर गरेको रिटमा न्यायाधीश हरि फुयाँल र नहकुल सुवेदीको इजलासले गत वैशाख ३० गते फैसला गरेको थियो । जहाँ इन्टरनेट सेवाप्रदायकले मर्मतका नाममा गरेको आम्दानीको ४ प्रतिशत रोयल्टी र ग्रामीण दूरसञ्चार विकास कोषमा २ प्रतिशत तिर्नैपर्ने फैसला गरिएको थियो । उक्त फैसलाको पूर्णपाठ हालै सार्वजनिक भएको हो । जहाँ बेरुजु छलफल उपसमितिको सुझावका आधारमा लेखा समितिले कानूनविपरीत निर्देशन दिएको ठहर गरिएको छ ।

फैसलामा उल्लेख भए अनुसार सार्वजनिक लेखा समितिले आइएसपीबाट लिनैपर्ने कर नलिन तीन पटकसम्म महालेखालाई निर्देशन गरेको थियो । निर्देशन दिनु अगाडि लेखा समितिले तत्कालीन सांसद धर्मशिला चापागाईं संयोजक रहेको, कांग्रेसका मोहन आचार्य र एमालेकी मीनाकुमारी भण्डारी सदस्य रहेको बेरुजु छलफल उपसमिति बनाएको थियो । उक्त उपसमितिको निर्देशनका आधारमा लेखा समितिले आफ्नो २०, २१ र २२ औं वार्षिक प्रतिवेदनमार्फत महालेखालाई दिएको निर्देशन कानूनविपरीत रहेको ठहर सर्वोच्चले गरेको हो । यसको ब्याख्या गर्दै सर्वोच्च अदालतले आइएसपीहरुले राज्यलाई तिर्नैपर्ने साढे तीन सय करोडभन्दा बढी रुपैयाँ नतिराउन लेखा समितिले भूमिका खेलेको ठहर गरेको हो । फैसलामा आइएसपीहरुले राज्यलाई तिर्नुपर्ने करोडौं रुपैयाँ तिर्नुपर्ने औंल्याउने महालेखामाथि नै लेखा समिति हावी भएको र उक्त विषय कानूनविपरीत रहेको भनिएको छ ।

'संघीय संसदको सार्वजनिक लेखा समितिले महालेखा परीक्षकको ५६ औं, ५७ औं र ५८ औं प्रतिवेदनमा उल्लिखित दूरसञ्चार नियमावली, २०५४ को नियम २६ बमोजिम लाग्ने रोयल्टी तथा नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली, २०६८ को विनियम ५ बमोजिम लाग्ने आरटिडिएफ का सम्बन्धमा सर्पोट चेञ्ज, एन्युएल मेन्टेनेन्स चार्ज, टेक्नोलोजी चार्ज र मोनिटरिङ चार्जबाट प्राप्त आय गणना गर्न नहुने र सो लाई गणना गरी देखाइएको महालेखा परीक्षकको प्रतिवेदनको बेरुजुको लगत कट्टा गर्ने भनी पटक पटक विभिन्न मितिमा गरेका निर्णय र निर्देशनबाट दूरसञ्चार सेवा प्रदान गर्ने अनुमति प्राप्त व्यक्तिहरुलाई राजस्व तिर्ने सम्बन्धमा अन्यौल उत्पन्न भएकोतर्फ यस इजलासको ध्यानाकर्षण भएको छ' फैसलाको पूर्णपाठमा भनिएको छ ।

आइएसपीहरुले लेखा समितिको त्यहीं निर्देशनलाई देखाउँदै आफूहरुमाथि कर नलाग्ने जिकिर अदालत र सार्वजनिक रुपमा गरेका थिए । तर, लेखा समितिको निर्णय नै कानून विपरित रहेको अदालतले ठहर गरेको हो ।

अघिल्लो लेखा समितिले तीनपटक दिएको शंकास्पद निर्देशन सच्याउँदै महालेखाले भने २०८० असोज २६ गते

>>> पृष्ठ २ मा

# पूर्वप्रशासकलाई अख्तियार नपठाउने प्रस्ताव

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पूर्वप्रशासकलाई पठाउँदा प्रभावकारी काम नभएको दाबी सांसदहरुको छ ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २६ कात्तिक ।

सांसदहरूले पूर्वप्रशासकलाई अख्तियार नपठाउने प्रस्ताव गरेका छन् । सोमबार प्रतिनिधि सभा अन्तरगतको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग एन संशोधन बिधेयकमाथि संशोधन राख्ने सांसदहरूले यस्तो प्रस्ताव गरेका हुन् ।

सांसदहरूको यस्तो प्रस्तावलाई सकारात्मक रुपमा लिएको बताउँछन् समिति सभापति रामहरि खतिवडा । उनले समितिको बैठकमा भनेका थिए, ' अख्तियारमा हामीले रिटायर्डपछि लैजाने/नलैजाने एउटा विषय छ । यो विषयमा निर्णय लिनुपर्ने हुन सक्छ ।'

सांसदहरूले पूर्वप्रशासकलाई पठाउँदा प्रभावकारी काम नभएको दाबी गरेका थिए ।

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी सांसद माधव सापकोटाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लाभको पदमा नबसेको विज्ञलाई जिम्मेवारी दिने व्यवस्था आवश्यक रहेको बताए । जिन्दगीभरी अख्तियारकै परिचालन गर्ने र उत्तरार्धमा आयोगमा जाने अभ्यास गलत



अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पदाधिकारीमा रिटायर्डपछिका व्यक्तिलाई लैजाने/नलैजाने एउटा विषय छ । यो विषयमा निर्णय लिनुपर्ने हुन सक्छ ।

**रामहरि खतिवडा**
**सभापति, राज्य व्यवस्था तथा सुशासन समिति**

भएको भन्दै उनले सुधार गर्नुपर्नेमा जोड दिए ।

'कर्मचारीबाट अवकाश प्राप्त भएपछि अख्तियारको प्रमुख एवं पदाधिकारी हुन भएन । राजनीतिक रुपमा पनि कति आग्रह पूर्वाग्रह राखियो यसमा समेत ख्याल गरर सुधारमा जानुको विकल्प छैन' उनले भने ।

नेकपा एकीकृत समाजवादीका सांसद शेरबहादुर कुँवरले अख्तियारलाई स्वतन्त्रतापूर्वक काम गर्ने वतावरणका लागि सबैले भूमिका खेल्नुपर्ने बताए ।

'अख्तियारलाई निश्पक्ष र स्वतन्त्र बनाउनैपर्छ । यसका लागि सहयोग पुग्ने गरी पदाधिकारी नियुक्त हुने गरी ऐन बनाऔं' उनको आग्रह छ ।

भ्रष्टाचार बढ्नुको साटो बढ्दै गएकाले अख्तियार जस्ता संस्थाको महत्व अझ बढेर गएको उल्लेख गर्दै उनले यसको सही सदुपयोग गरेर सुशासन कामय गरिनुपर्नेमा जोड दिए । 'भ्रष्टाचार संस्थागत मात्रै भएको छैन, भ्रष्टाचार संस्कृति नै हुन लागिसक्यो' कुँवरले थपे, 'निश्पक्षतापूवर्क अख्तियारले कति अनुसन्धान गर्न सक्यो त्यो महत्वपूर्ण प्रश्न छ ।' नेपाल मजदुर किसान पार्टी (नेमकिपा)का सांसद प्रेम सुवालले पनि अवकाशप्राप्त कर्मचारीलाई अख्तियारको नेतृत्वमा लैजाँदा

>>> पृष्ठ २ मा

# बढ्दो सवारी दुर्घटना

**शिव विक/मध्यान्ह**
काठमाडौं, २६ कात्तिक ।

पछिल्ला दिनमा सवारी दुर्घटना बढेको छ । प्रहरीका अनुसार चार दिनको अवधिमा मात्रै देशका बिभिन्न ठाउँमा भएको सवारी दुर्घटनामा परेर २१ जनाले ज्यान गुमाएका छन् । ८४ जना घाइते भएका छन् । सोमबार बागलुङ र जाजरकोटमा भएको सवारी दुर्घटनामा परेर पाँच जनाको मृत्यु भएको छ । ४० घाइते भएका छन् ।

पछिल्लो चार दिनमा मात्रै देशका विभिन्न ठाउँमा भएको सवारी दुर्घटनामा परेर २१ जनाले ज्यान गुमाएका हुन् ।

यात्रु बोकेको पिकअप जिप सडकदेखि ५ सय मिटर तल भिरमा खस्दा बागलुङमा एउटै गाउँका ५ जनाको मृत्यु भएको हो । जैमिनी नगरपालिका वडा नम्बर-८ को केवैबाट सदरमुकाम बागलुङका लागि छुटेको ग २ च ९२४७ नम्बरको जिप दुर्घटनामा परेको हो । एक जना गम्भीर घाइले भएका छन् ।

दुर्घटनामा परेर जैमिनी नगरपालिका-८ केवइका ३८ वर्षीय चालक महेन्द्र पुन, उनकै छिमेकी २० वर्षकी रश्मी श्रीष, ५० वर्षकी नन्दकली पुन, १७ वर्षका निरज श्रीष र ७५ वर्षीय कुलप्रसाद श्रीषको मृत्यु भएको हो ।

जाजरकोटमा भएको छुट्टा-छुट्टै दुर्घटनामा परेर ३९ जना घाइते भएका छन् । जाजरकोट सदरमुकामबाटनेपालगञ्जका लागि छुटेको बा ५ ख १८९२ नम्बरको फोर्स गाडी दुर्घटना हुँदा ३२ जना घाइते भए । बारेकोट गाउँपालिकाबाट सदरमुकामका लागि छुटेको भे १ ज ५९५ नम्बरको बोलेरो जिप दुर्घटना हुँदा सात जना घाइते भए ।

घाइतेहरुको केहीको स्थानीय अस्पताल र केहीको सुर्खेतमा उपचार भइराखेको छ ।

आइतबार कालीकोटमा जिप दुर्घटना सात जनाको मृत्यु भएको थियो । १२ जना घाइते भएका थिए ।

>>> पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

# कोरियाको ई-७ भिसासम्बन्धी कार्यविधिमा मन्त्रालयले माग्यो राय-सुझाव

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ कात्तिक

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले म्यानपावर कम्पनीमार्फत ई-७ भिसामा दक्षिण कोरियामा दक्ष नेपाली कामदार पठाउने कार्यविधि कार्यान्वयनमा आइनसकेको बताएको छ ।

गत कात्तिक ९ गते कोरियामा सीपयुक्त श्रमिक पठाउने कार्यविधि २०८० को पहिलो संशोधन मन्त्रालयको वेबसाइटमा सार्वजनिक गरेको थियो । कार्यविधिमा म्यानपावर कम्पनीहरूले पनि ई-७ भिसामा दक्षिण कोरियामा दक्ष नेपाली कामदार पठाउन सक्ने प्रावधान रहेको छ ।





सोमबार मन्त्रालयमा आयोजित पत्रकार छलफलमा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले मन्त्रालयको वेबसाइटमा राखिएको कार्यविधि कार्यान्वयनका लागि नभइ सरोकारवालाहरूसँग राय-सुझावका लागि राखिएको बताए ।

पत्रकारहरूले मन्त्रालयले ई-७ भिसामा म्यानपावर कम्पनीबाट कामदार पठाउने कार्यविधि बनाएर वैदेशिक रोजगार विभाग पठाएको र म्यानपावर कम्पनीहरूले त्यसकै

>>> पृष्ठ २ मा

### नेपाली साझा मञ्च साउदीको प्रतिनिधिमण्डलद्वारा श्रममन्त्रीसमक्ष श्रमिकका समस्याबारे ध्यानाकर्षण

**काठमाडौं/मस–** नेपाली साझा मञ्च राष्ट्रिय समन्वय समिति साउदी अरेबियाले उक्त मुलुकमा कार्यरत नेपाली कामदारहरूको हकहितका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीको ध्यानाकर्षण गराएको छ ।



मञ्चका महासचिव राजु केसीको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले सोमबार मन्त्री भण्डारीलाई १६ बुँदे ध्यानाकर्षण पत्र बुझाएको हो । मन्त्री भण्डारीलाई ध्यानाकर्षण पत्र बुझाउँदै मञ्चले

>>> पृष्ठ २ मा

Urgently Required
A reputed Recruiting Agency is seeking following position.
1. Receptionist : 2 (F) , Salary : 25000/-
2. Documentation Officer : 2 (M/F) , Salary : 30000/-
Req. ❖ Minimum 12 passed or above ❖ Should have basic computer knowledge ❖Good in English speaking
Salary: Negotiable
Send CV to : cvtimesmanpower944@gmail.com
& visit our office for Interview
TMS Times Management System Pvt. Ltd.
Govt. Lic. No.: 944/067/68
Bansbari, Kathmandu-3, Nepal
Tel: 01-5906211, 9802354881

VACANCY ANNOUNCEMENT
A leading foreign recruitment agency is seeking the following position urgently.
SALARY - No Bar for Deserving candidates
PRO Required - 5 Male/ Female
Qualification: - More than 5 years of Experience in Manpower Field
9823486681 | 9819779867 hr@mobhiraservices.com
Mobhira Recruitment Consultancy services (P.) Ltd.
श्रम इजाजत नं. १४६९/०७४/०७५
चक्रपथ, काठमाडौं, नेपाल, फोन: ०१-४३७८८४२, ४३७८९३६

मध्यान्ह
www.madhyanhadaily.com
२७ कार्तिक २०८१, मंगलबार
12 November 2024, Tuesday

# उपनिर्वाचनका लागि माओवादी केन्द्रद्वारा उम्मेदवारको नाम अनुमोदन

काठमाडौं/मस-प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र)ले स्थानीय तहका रिक्त स्थानमा हुन लागेको उपनिर्वाचनका लागि तल्ला समितिबाट सिफारिस भइ आएका उम्मेदवारको नाम अनुमोदन गरेको छ।

पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को निवास खुमलटारमा सोमबार बसेको केन्द्रीय कार्यालयको बैठकले स्थानीय तहको निर्वाचनमा पार्टीका उम्मेदवारलाई विजयी गराउन पार्टी पङ्क्ति र जनसमुदायलाई आग्रह गरेको छ। आगामी मङ्सिर १६ गते स्थानीय तहका विभिन्न ४४ स्थानमा उपनिर्वाचन हुन लागेको छ। निर्वाचनमा पार्टीका तर्फबाट तय भएका उम्मेदवारलाई विजयी गराउने योजनासमेत तय भएको पार्टी उपाध्यक्ष



एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिए।

त्यस्तै, बैठकले आगामी मंसिर मसान्तसम्ममा पालिका सम्मेलन सम्पन्न गर्ने र खबरदारीसभा गर्ने निर्णय बैठकले गरेको छ। जनपरिचालनसहित गरिने खबरदारीसभाले सुशासनको पक्षमा दबाव दिने प्रवक्ता सापकोटाको भनाइ थियो। यसैगरी आगामी पुस २ गतेका लागि पार्टीको केन्द्रीय समितिको बैठक बस्ने गरी आवश्यक तयारी गरिएको उनले बताए।

अग्रगमन र परिवर्तनको पक्षमा संविधान संशोधन हुनुपर्नेमा प्रवक्ता सापकोटाले जोड दिए। उनले संविधान संशोधन गरेर प्रत्यक्ष निर्वाचित राष्ट्रपति र पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जानुपर्नेमा पार्टीले जोड दिएको स्पष्ट पारे। जनताबाट निर्वाचित भएर आउने सांसदहरु नीति निर्माणमा केन्द्रीत हुने र विषय विज्ञलाई मन्त्री बनाए मात्रै जनताले अपेक्षा गरे अनुसारको विकास र आर्थिक समृद्धि हुने माओवादी केन्द्रको ठहर छ।

# राष्ट्रिय परीक्षा बोर्डलाई अनेरास्ववियुको ध्यानाकर्षण पत्र

**काठमाडौं/मस**-राष्ट्रिय परीक्षा उत्तर पुस्तिका परीक्षणमा लापरबाही हुन नदिन आग्रह गर्दै अनेरास्ववियु काठमाडौं जिल्ला कमिटीले राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्मालाई ध्यानाकर्षण पत्र बुझाएको छ। बोर्डका उत्तरपुस्तिका निरीक्षकले जाँच गर्दा लापरबाही गर्ने गरेको भन्दै अध्यक्ष शर्माको ध्यानाकर्षण गराइएको अनेरास्ववियु केन्द्रीय कमिटी सदस्य तथा काठमाडौं जिल्ला इन्चार्ज धर्मराज तिमिल्सिनाले जानकारी दिए।

खोटाङ केपिलासगढी गाउँपालिका-५ सप्तेश्वरस्थित थर्पुडाँडा माध्यमिक विद्यालयका छात्र शिवकुमार राईको उत्तर पुस्तिका नियतवश केरमेट गरेर परीक्षकले अनुत्तीर्ण गराएको आरोपसहित ती छात्रका आफन्तले बोर्डमा उजुरी दिएको र उजुरीका



आधारमा राष्ट्रिय परीक्षा बोर्डले पुनः उत्तरपुस्तिका परीक्षण गरी उत्तीर्ण भएको सूचना सार्वजनिक भएपछि अनेरास्ववियुले घटनामा सङ्लग्न दोषीलाई कारबाही गर्न पनि माग गरेको छ।

तिमिल्सिना नेतृत्वको टोलीले परीक्षा नियन्त्रक नन्दलाल पौडेलसँग यस विषयमा छलफल गरेको थियो। परीक्षा नियन्त्रकका अनुसार २०८० को एसइई नतिजा हेर्दा पुनर्योगको लागि निवेदन दिने १८ हजार ६ सय १२ जना विद्यार्थीमध्ये आठ सय ४८ जना विद्यार्थीको नतिजा परिवर्तन भएको पाइएको अनेरास्ववियुले जनाएको छ।

तीमध्ये दुई सय विद्यार्थीले उत्तरपुस्तिका हेर्न पाउँ भनेर निवेदन दिएकामा ३६ जनाले विज्ञसँग बसेर उत्तरपुस्तिका हेरेका संगठनले जनाएको छ। विज्ञले पुनःपरीक्षण नगर्न दबाब दिँदादिँदै १६ जना विद्यार्थीले पुनःपरीक्षणका लागि निवेदन दिएकामा १० जनाको नतिजा परिवर्तन भएर आएको तथ्यांकलाई हेर्दा उत्तरपुस्तिका पुनःपरीक्षण गर्दा ६२ दशमलव ५५ प्रतिशत विद्यार्थीको नतिजामा परिवर्तन आउने देखिएको अनेरास्ववियुले जनाएको छ। यसले राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय, मातहतका संयन्त्रहरू तथा सम्बन्धित सरोकारवालाले लापरबाही गरेको देखिएको भन्दै ध्यानाकर्षण पत्र बुझाइएको जनाइएको छ।

## वर्ल्डलिंकको...

३ महिनाभित्र कर उठाउन निर्देशन दिएको थियो। सर्वोच्चको फैसलापछि भने आइएसपीले दूरसञ्चार प्राधिकरणलाई कर बुझाउन थालेका छन्। उनीहरुले किस्ताबन्दीमा कर बुझाउन पाउने सुविधा सर्वोच्चले नै दिएको छ। त्यसअनुसार कर बुझाउन थालेका हुन्।

## पूर्वप्रशासकलाई...

अपेक्षित काम हुन नसकेको बताए। उनी भन्छन्, 'कर्मचारी हुँदा गरेको काम र सम्बन्ध तथा राजनीतिक आवद्धता समेतका आधारमा अनुसन्धानका विषय अगाडि बढ्ने र नबढ्ने जुन अवस्था छ। यसको कारण सरकारी कर्मचारी आयोगमा पठाइनु हो।'

नेपाली कांग्रेसका सांसद अर्जुननरसिंह केसी संवैधानिक परिषदबाट पदाधिकारी सिफारिस गर्दा कस्तो व्यक्ति पठाइयो त्यस आधारमा अख्तियारबाट आश गर्न सकिने बताए।

अख्तियारको स्थापनाको उदेश्य शक्तिको दुरुपयोग नहोस् र दुरुपयोग गरे अनुसन्धान गरेर कारबाही गर्नका लागि रहेको उल्लेख गर्दै उनी भन्छन्, ' तर अहिले सत्ता, शक्ति र भ्रष्टाचार प्रयायवाची भएको भास्य आम रुपमा छ। यो भास्य चिर्न अख्तियारले निश्पक्षयतापुर्वक काम गर्न र सक्रिय हुने वातावरण आवश्यक छ।'

अख्तियारबाट अपेक्षित काम भएको छैन भने यसको जिम्मेवारी संवैधानिक परिषदले लिनुपर्ने उनको आग्रह छ। भन्छन्, 'तर संबैधानिक परिषद भागवण्डा परिषद भएको छ। संबैधानिक परिषद भागवण्डा परिषद नबनाऔं तब मात्रै संवैधानिक आयोगबाट निश्पक्ष्य काम हुन्छ।'

अखितयारसहितका संवैधानिक निकायका प्रमुख एवं पदाधिकारीहरू र प्रधान न्यायाधीशको नियुक्तिको सिफारिस गर्ने जिम्मेवारी संबैधानिक परिषदलाई छ। संविधानको धारा २८४ अनुसार प्रधानमन्त्रीको अध्यक्षतामा रहने संवैधानिक परिषदमा प्रतिनिधि सभाको सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, प्रतिनिधि सभाको विपक्षी दलको नेता, प्रतिनिधि सभाको उपसभामुख , प्रधान न्यायाधीश सदस्य रहन्छन्। यो परिषदले गर्ने सिफारिसप्रति नै कांग्रेस सांसद केसीले प्रश्न उठाएका हुन।

प्रतिनिधि सभा सदस्य आमरेश कुमार सिंहले पनि भ्रष्टाचार हुने मुल थलो नै प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय र संवैधानिक परिषद रहेको टिप्पणी गरे। 'भ्रष्टाचारको मुल थलो प्रधानमन्त्री कार्यालय हो। किनभने प्रधानमन्त्रीकै नेतृत्वमा संवैधानिक परिषद पनि छ। त्यहाँबाट अख्तियार लगायतका निकायमा पदाधिकारी भागवण्डामा सिफारिस हुन्छ' उनले भने। यसकारण अख्तियार दुरुपयोग अनुसन्धान आयोगभित्रैबाट भ्रष्टाचारलाई संरक्षण हुने गी काम हुने गरेको उनको टिप्पणी छ। उनी भन्छन, 'अख्तियार आफैँमा भ्रयष्टाचारको अखडा हो। साँच्चै जनताको पक्षमा कानुन बनाउने हो भने यस कोणबाट सोचेर कानुन बनाऔं।'

## बढ्दो...

आइतबार दिउँसो कालीकोटको पलाँता गाउँपालिका वडा नम्बर -३ स्थित राडुनेटामा बोलेरो जिप दुर्घटना भएको हो। दुर्घटनामा परी मृत्यु हुनेमा वडा नम्वर- ३ का दमन रोकाया, ५ का पदम बम, छायाँ शाही, ६ का पुन्नकला शाही, भगवती रोकाया र गणेश शाही रहेका छन्। गत शुक्रबार चितवन, दैलेख र पाँचथरमा भएको सवारी दुर्घटनामा परेर ११ जनाको मृत्यु भएको थियो। ३२ जना घाइते भएका थिए। चितवनस्थित नारायणगढ-मुग्लिन सडकखण्ड अन्तर्गत सत्रकिलोमा भएको सवारी दुर्घटनामा परेर पाँच जनाको मृत्यु भएको हो। मुग्लिङबाट नारायणगढका लागि छुटेको बागमती प्रदेश ०६-००१ ज ०२९८ नम्बरको इलेक्ट्रिक हायस र नारायणगढबाट मुग्लिङका लागि छुटेको बागमती प्रदेश ०३-००१ ख २८१२ नम्बरको बस ठोक्किएर दुर्घटना भएको हो।

उक्त दुर्घटनामा परेर मृत्यु हुनेमा गोरखाको आरुघाट गाउँपालिका-१ मान्बुका ४२ वर्षीय राजबहादुर गुरुङ र माइक्रोबस चालक चितवनको खैरहनी नगरपालिका-४ का ४० वर्षीय अनोज अधिकारी रहेका छन्। विनय त्रिवेणी गाउँपालिका-४ स्थित बगैँचाका ३५ वर्षीय सन्तोष भुसाल, सोही ठाउँकी ३३ वर्षीया सबिना भुसाल र भारत घर भई पोखरामा किसाना पसल गर्दै आएका ३६ वर्षीय राजकुमार साहको पनि मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता डिएसपी भेषराज रिजालका अनुसार मृतक सबै माइक्रोबसमा सवार यात्रु हुन्। एक जना घाइते थिए।

चितवनमै शुक्रबार बोलेरोले साइकललाई ठक्कर दिँदा साइकलयात्रीको मृत्यु भएको थियो। भरतपुर महानगरपालिका-५ स्थित नयन चोकमा शुक्रबार मध्यान्न १२ बजे ना४च ६९५१ नम्बरको बलेरोले साइकललाई ठक्कर दिँदा साइकल चालकको मृत्यु भएको हो।

मृत्यु हुनेमा पर्सा सखुवापर्सौनी गाउँपालिका-४ घर भई हाल गैंडाकोट नगरपालिका-५ मा डेरा गरी बस्दै आएका १७ वर्षीय इशान अन्सारी रहेका छन्। शुक्रबार नै दैलेखमा यात्रुबहाक फोर्स गाडी दुर्घटना हुँदा चार जनाको मृत्यु भएको थियो। २५ जना घाइते भएका थिए। शुक्रबार दिउँसो दैलेख बजारबाट सर्खेतका लागि छुटेको कर्णाली प्रदेश ०२००१ ख ०९९८ नम्बरको यात्रुबहाक फोर्स गाडी दुर्घटनामा परेको हो। सुर्खेत-दैलेख सीमाना वीरेन्द्रनगर-१४ रातानाङ्लानजिक फोर्स गाडी दुर्घटनामा पर्दा चार जनाको मृत्यु भएको हो। गाडी झण्डै दुई सय मिटर तल खसेर दुर्घटनामा परेको हो।

पाँचथरमा ट्रक दुर्घटना हुँदा एक जनाको मृत्यु भएको थियो। ना४खा ७१२३ नम्बरको ट्रक ब्रेक फेल भई दुर्घटना हुँदा दुई जना घाइते भएका थिए। पाँचथरको मेची राजमार्गअन्तर्गत पाँचथरको हिलिहाङ गाउँपालिका-६ ढकाल गाउँमा दुर्घटना हुँदा पाँचथरकै हिलिहाङ-३ का ५७ वर्षीय भवानीशंकर पौडेलको मृत्यु भएको हो।

## कोरियाको...

आधारमा ठूलो रकम उठाउन खोजेको भन्ने जिकिर लिएका थिए। तर मन्त्री भण्डारीले कार्यविधि छलफलकै चरणमा रहेको बताए। उनले ई-७ भिसामा म्यानपावर कम्पनीबाट कामदार पठाउने कार्यले नेपालले सन् २००८ बाट कार्यान्वयन गरिरहेको ईपीएस प्रणालीलाई कुनै असर नपुऱ्याउने बताए।

कार्यविधिमा इजाजतपत्र प्राप्त संस्थामा भाषा र सीपका लागि प्रचलित मापदण्डबमोजिमको आफ्नै स्वामित्वको तालिम केन्द्र वा पूर्णकालीन उपयोग गर्न सकिने गरी करार सम्झौता गरेर लिएको तालिम केन्द्र हुनुपर्ने र श्रमिक छान्दा पारदर्शी तरिकाले योग्यताक्रमको आधारमा छान्नुपर्ने उल्लेख छ। मन्त्री भण्डारीले यसमा सरोकारवालाको थप राय-सुझाव अपेक्षा गरिएको बताए।

त्यसैगरी मन्त्रालयले गत सेप्टेम्बर अर्थात भदौ १५ गतेसम्म नेपालबाट श्रम स्वीकृति नलिइ गए पनि संवन्धित मुलुकहरुमा बैधानिकरुपले विभिन्न भिसामा गएर काम गरिरहेका नेपालीलाई श्रम स्वीकृति प्रदान गर्ने निर्णय गरेको सार्वजनिक गरेको छ। विभिन्न श्रम गन्तव्य मुलुकमा करिब ३ लाख नेपाली श्रम स्वीकृति नभएको अवस्थामा रहेको आंकलन गरिएको छ। श्रम स्वीकृति नभएका श्रमिक र उनीहरुका परिवारले अंगभंग वा मृत्यु भएमा वैदेशिक रोजगार बोर्डमार्फत प्राप्त हुने उपचार खर्च र क्षतिपूर्ति नपाउने व्यवस्था छ। बोर्डले मृत्यु भएका श्रमिकका आश्रित परिवारलाई १० लाख रुपैयाँ र बिमावापत १४ लाख रुपैयाँ पाउने व्यवस्था गरेको छ भने सामाजिक सुरक्षा कोषले योगदानकर्ता कामदारका परिवारलाई आजीवन निवृतिभरण दिने गरेको छ।

पत्रकार छलफलमा श्रममन्त्री भण्डारीले नेपालबाट श्रम स्वीकृति नलिइ भिजिट भिसालगायत विभिन्न माध्यमबाट गएका नेपाली कामदारलाई दूतावासमार्फत श्रम स्वीकृति दिने व्यवस्था मिलाइएको जानकारी दिए। मन्त्री भण्डारीले नेपाली दूतावासमा हाल बायोमेट्रिक प्रणाली नभएको र उक्त प्रणाली जोडिनेबित्तिकै श्रम स्वीकृति प्रदान शुरु हुने जानकारी दिँदै बायोमेट्रिक बिना श्रम स्वीकृति जारी गर्न नमिल्ने अवस्था देखिएको बताए।

## नेपाली...

साउदी अरेबियामा ठूलो संख्यामा नेपाली कामदार रहेको र उनीहरू विभिन्न समस्याबाट गुज्रिरहेको बताएको छ।

मञ्चका महासचिव केसीले राहदानीको समस्या, जनचेतनाको कमीले साइबर अपराध, मदिरापान, आत्महत्या, घरेलु महिला कामदार, बन्दी अवस्थामा रहेका नेपालीको उद्धार, नेपाली कामदार भर्ना र सप्लाइ कम्पनीमार्फत जाँदा हुने समस्या र झन्झटलगायतका समस्या समाधानका लागि आग्रह गरे।

त्यसैगरी मञ्चले नेपाली कामदारको बाहुल्यता रहेका जुबेल, दम्माम, अलहासा, होपुभ, जिजान, ताबुकजस्ता स्थानमा राहदानी र राजदूतावासका सेवा विस्तार र नेपालीको न्यूनतम तलब १३ सय रियाल पाए-नपाएको नियमित अनुगमन गर्न पनि मन्त्री भण्डारीको ध्यानाकर्षण गरायो।

जवाफमा मन्त्री भण्डारीले मञ्चले उठाएका समस्यामा मन्त्रालय जानकार रहेको जवाफ दिँदै साउदी अरेबियासँग गरिने द्विपक्षीय श्रम सम्झौतामा समस्याहरूको स्थायी समाधान गर्ने गरी गृहकार्य भइरहेको जानकारी दिए।

त्यसैगरी मन्त्री भण्डारीले साउदी सरकारले घरेलु कामदारलाई दिएको एमनेष्टी कार्यक्रम त्यहाँ कार्यरत नेपालीसमक्ष पुऱ्याउन र नेपाल सरकारले वैधानिक अवस्थामा काम गरिरहेका नेपालीलाई श्रम स्वीकृति लिन पाउने गरी गरेको निर्णयमा सबैलाई सहभागी गराउन मञ्चले अभियान थाल्नुपर्ने सुझाव दिए।

मञ्चले विदेशमा नेपालीहरू विभिन्न प्रकारले अलपत्र पर्ने र हवाई टिकटको अभावमा घर फर्किन समस्यामा पर्ने क्रम बढेको भन्दै स्थानीय तहका वडाहरूले आफ्नो वार्षिक बजेटमा कम्तीमा ३ जना अलपत्र कामदार उद्धारका लागि कोषको व्यवस्था गर्नुपर्ने धारणासमेत अघि सारेको छ। त्यस अवसरमा साउदी अरेबियाका लागि नवनियुक्त काउन्सिलर श्रम कविराज उप्रेती र मञ्चका मञ्चका अन्य प्रतिनिधिहरू सुनिता दंगाल, राजाराम कायस्थ र राजकुमार नेपालीको सहभागिता रहेको थियो।

# कोप-२९ : जलवायुजन्य संकट सामना गर्न अपिल

अजरबैजान/रासस-अजरबैजानको बाकुमा जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि (युएनएफसीसीसी) का पक्ष राष्ट्रहरुको २९औँ सम्मेलन (कोप-२९) को सोमबार उद्घाटन भएको छ। उद्घाटनमा जलवायुले निम्त्याएका समस्याको सामना गर्न विश्व समुदायबीच एकता र सहकार्यताको लागि अपिल गरिएको छ।



२२ तारिख (मङ्सिर ७ गते) सम्म चल्ने कोपमा भाग लिन नेपालको प्रतिनिधित्व गर्दै राष्ट्रप्रमुख रामचन्द्र पौडेल बाकु पुगेका छन्। कोपको उद्घाटन सत्रमा बोल्ने तीन वक्ताहरु कोप २९ का अध्यक्ष मुख्तार बाबायेभ, निवर्तमान कोप २८ का अध्यक्ष सुल्तान अल जाबेर, संयुक्त राष्ट्रसंघका जलवायु परिवर्तन कार्यकारी सचिव साइमन स्टियलले जलवायु परिवर्तनको समस्या समाधानमा एकजुट भएर लाग्नुपर्नेमा जोड दिए।

सम्मेलन उद्घाटनका क्रममा कोप २९ का अध्यक्ष बाबायेभले जलवायु परिवर्तनका कारण विश्व नै विनासको मार्गमा पुगेकाले समस्या समाधानमा एकता र सहकार्यमा जोड दिनुपर्ने बताए।

उनले जलवायुजन्य समस्या समाधानका लागि र जलवायु जोखिमले ल्याउन सक्ने सम्भावित समस्याहरुको विषयमा एकजुट भएर समाधान गर्नुपर्नेमा जोड दिए। सबै मुलुकहरु नीतिगत मात्रै नभई तोकिएका लक्ष्य पुरा गर्न प्रभावकारी कार्यन्वयनमा जुट्नुपर्ने उनको भनाई छ।

निवर्तमान कोप-२८ का अध्यक्ष सुल्तान अल जाबेरले जलवायु समस्या निराकरण गर्न भाषणले मात्रै नहुने स्पष्ट पारे। संयुक्त राष्ट्रसंघका जलवायु परिवर्तन कार्यकारी सचिव साइमन स्टियलले कोपमा उपस्थित हरेक मुलुकका राजनीतिक पार्टीहरूले जलवायुका समस्याबाट बाहिर निस्कने उपाय खोज्न आवश्यक रहेकोमा जोड दिए।

स्टियलका अनुसार महत्वाकांक्षी नयाँ जलवायु वित्तको लक्ष्य अझै ठूलो र धनी राष्ट्रको हितमा छ। 'जलवायु लक्ष्यमा सहमति मात्र पर्याप्त छैन। हामीले विश्व वित्तीय प्रणालीलाई पुनः परिमार्जन गर्न कोसिस गर्नुपर्छ। आवश्यक राष्ट्रहरूलाई वित्तीय सहयोग दिनुपर्नेछ', उनले भने, 'बाकुमै हामीले अन्तर्राष्ट्रिय कार्बन बजार सञ्चालनमा ल्याउन, पेरिस सम्झौताको अनुच्छेद ६ लाई अन्तिम रूप दिनैपर्छ। पूर्वनिर्धारित लक्ष्य अनुसार अघि बढ्नै पर्छ।'

उनले जलवायु परिवर्तनले पर्वतीय क्षेत्रमा परेको नकारात्मक असरको विषय उठान गरेका छन्।

सम्मेलनका क्रममा नेपालले आफ्ना एजेण्डामाथि विश्वको ध्यानाकर्षण गराउन कात्तिक २८ गते राष्ट्रपति पौडेलको नेतृत्वमा बेग्लै उच्चस्तरीय सत्र सञ्चालन हुनेछ। कोपमा भाग लिन बाकु पुगेका राष्ट्रपति पौडेलका वन तथा वातावरण सल्लाहकार डा.प्रमेश्वर पोखरेलले जलवायु परिवर्तनले निम्त्याएका समस्या समाधानका लागि कोपले निचोड निकाल्ने बताए।

# महिला सशक्तीकरणका क्षेत्रमा चुनौती अझै छन् : परराष्ट्रमन्त्री

काठमाडौं/मस-परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले नेपालमा लैङ्गिक समानता र महिला सशक्तीकरणका क्षेत्रमा गएका तीन दशकयता धेरै नै उपलब्धि भए पनि चुनौती पनि रहेको उल्लेख गरेकी छन्।




युएन वुमनद्वारा राजधानीमा आयोजित बेइजिङ प्लस तीसको सिभिल सोसाइटी रिपोर्ट सार्वजनिक गर्दै मन्त्री डा राणाले ३० वर्षअघि बेइजिङमा सम्पन्न विश्वका नेताहरुको सम्मेलनपछि नेपालमा पनि महिला अधिकार, लैङ्गिक समानता तथा महिला सशक्तीकरणका क्षेत्रमा धेरै काम भएको बताइन्।

सो कार्यक्रमलाई सम्बोधन गर्दै उनले भनिन्,'मलाई लाग्छ नेपालका महिलाहरुले अहिले प्राप्त गरेका संवैधानिक लगायतका अधिकारको बिजारोपण ३० वर्षअघिको बेइजिङ सम्मेलनमा भएको हो। सो चौथो विश्व महिला सम्मेलनले लैङ्गिक समानता, महिला सशक्तीकरण, महिलाविरुद्धका हिंसाको उन्मूलनलगायतका १२ ओटा क्षेत्रका प्रतिबद्धता अघि सारेको थियो।'

सो बेइजिङ सम्मेलनमा आफ्नो सक्रिय सहभागिता रहेको स्मरण गर्दै उनले त्यसयता नेपालका महिलाहरुले अघि बढाएको अभियानले देशमा महिलाका क्षेत्रमा धेरै काम भएका तथा प्रजनन् स्वास्थ्यदेखि धेरै अधिकारहरु महिलाले संवैधानिक रुपमै प्राप्त गरेको बताइन्।

सो सम्मेलनपछिका ३० वर्षमा महिला अधिकार र लैङ्गिक समानताका क्षेत्रमा उल्लेखनीय प्रगति भएपनि अझै धेरै काम गर्न भने बाँकी रहेको मन्त्री डा.राणाको भनाई थियो। उनले भनिन्,'महिला र यहाँका बालिकाहरूले आर्थिक सहभागिता, शिक्षा, स्वास्थ्य, रोजगारी, न्यायमा समान पहुँच आदि क्षेत्रमा अहिले पनि चुनौतीहरूको सामना गर्नु परिरहेको छ। यसबारेमा पनि सोच्नुपर्छ र तिनको समाधानका लागि सरकार र नागरिक समाज एकताबद्ध भइ अघि बढ्नुपर्छ।'

मन्त्री डा.राणाले बालिकाहरूको विद्यालय भर्ना, श्रम बजारमा महिलाको सहभागिता, मातृ स्वास्थ्य, बालबिवाहमा न्यूनिकरण एवं सम्पत्तिमा महिला अधिकार आदि क्षेत्रका सूचकाङ्कमा नेपालले प्रगति गरेको उल्लेख गरिन्।

उनले हाम्रा नीतिहरू लैङ्गिक दृष्टिकोणलाई मूलप्रवाहीकरण गर्नुका साथै सीमान्तकृत समुदायका महिला, आदिवासी, दलित र अपाङ्गता भएकाप्रति केन्द्रित रहेको जानकारी दिइन्।

मन्त्री डा.राणाले संवैधानिक र कानुनी प्रत्याभूतिका कारण नेपालमा पनि राजनीतिमा महिला सहभागिता बढ्दै गएको स्पष्ट गर्दै तर पनि महिलामाथि हुने गरेका विभेद र डिजिटल युगमा बढ्दो भ्रमपूर्ण सूचनाले महिलालाई बढी तारो बनाउने गरेको आफूले पाएको धारणा राखिन्। सबै खाले चुनौतीहरुको पहिचान गरी कति बर्षमा के कसरी समाधान गर्ने भन्ने स्पष्ट खाका एवं कार्ययोजना नै बनाएर अघि बढ्नुपर्ने उनको धारणा थियो।

# हरिबोधनी एकादशी मनाइँदै

**काठमाडौं/मस**-कात्तिक शुक्ल एकादशी अर्थात् हरिबोधनी एकादशी पर्व आज मनाइँदै छ। असार शुक्ल एकादशी अर्थात् हरिशयनी एकादशीका दिन रोपिएको तुलसीको आज विवाह गरिदिने मनाइने धार्मिक चलन रहेको छ। हरिबोधिनिका दिन विष्णु भगवानको पूजा अर्चनासहित तुलसी विवाह गरिदिने चलन छ। एकादशीहरूमा सबैभन्दा ठूलो हरिबोधिनी एकादशीलाई मानिन्छ। हरिशयनीदेखि हरिबोधिनी एकादशीका दिनसम्म चार महिना विष्णुका भक्तले तुलसीको व्रत गरी विशेष पूजा गर्छन्।



अशाढ शुक्ल एकादशीको दिन भगवान विष्णु सुतेर कात्तिक शुक्ल एकादशीका दिन उठ्ने विश्वास गरिन्छ। विष्णु क्षीर सागरमा सुतेकाले यी चार महिना विवाह व्रतबन्ध जस्ता माङ्गलिक कार्य गर्न नहुने मान्यता छ। हरिबोधिनी एकादशीका दिन भगवान विष्णुले माता तुलसीको प्रार्थना सुनेको र यसै प्रार्थनाको प्रभावले निन्द्राबाट ब्यूँझिएको धार्मिक कथन छ। तुलसी विष्णुप्रिया भएकाले यस दिन तुलसीको विवाह गर्ने परम्परा बसेको हो।

हरिबोधिनी एकादशीका दिन घर घरमा पूजा गर्दै आएको तुलसीको मठमा गाईको गोबर र रातो माटोले पोतेर सिङ्गारी फूल मालाले सजाएर विवाह गरिने चलन छ। तुलसीको पूजा गरिएको घरमा यमदूत पनि पस्दैनन् भन्ने धार्मिक विश्वास छ। तुलसीको महिमा वैज्ञानिक रूपमा पनि लाभदायक प्रमाणित भएको छ। आजको दिन भगवान् विष्णुको भजनकीर्तन गर्दै रातभर जाग्राम बस्ने चलन छ। यसरी गरिएको पूजा आराधनाबाट सुख, समृद्धि र सबै प्रकारको मनोकामना प्राप्त हुने धार्मिक विश्वास रहेको छ।

# विकृति, विसंगति नियन्त्रण गर्न सरकार दृढ संकल्पित : सञ्चारमन्त्री

**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले समाज र राजनीतिक क्षेत्रमा देखिएको भ्रष्टीकरण र अपराधीकरण रोक्न वर्तमान सरकार दृढ संकल्पित रहेको बताएका छन् ।

मन्त्रिपरिषद्को आइतबारको बैठकको निर्णय सार्वजनिक गर्न मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सञ्चारकर्मीको जिज्ञासामा उनले समाजमा देखिएका गलत कार्यको रोकथाम तथा नियन्त्रण गर्न सरकार निरन्तर क्रियाशील रहेको बताए । सरकारका प्रवक्ता समेत रहेका सञ्चारमन्त्री गुरुङले भने, 'हाम्रो समाज र राजनीतिलाई अस्थिर बनाउने, सामाजिक सद्भावलाई भत्काउने, सामाजिक, सांस्कृतिक सहअस्तित्वलाई नकारात्मक असर तुल्याउने क्रियाकलाप गर्ने कसैलाई पनि छुट छैन ।' कोशी प्रदेशका कानूनमन्त्रीमाथि अघि बढाइएको कारबाही एउटा संकेत भएको बताउँदै मन्त्री गुरुङले अगाडि भने,'गलत क्रियाकलापमा संलग्न हुने जो कोही भए पनि छुट पाउँदैन । गल्ती गर्नेले सजाय पाउनैपर्छ । यस्ता गलत क्रियाकलाप विस्तारै अन्त्य हुन्छ ।'



सञ्चारमन्त्री गुरुङका अनुसार लामो समयदेखि विवादमा रहेको डेडिकेटेट, फिडर र ट्रङकलाइनसम्बन्धी महशुल र विद्युत् आपूर्ति सञ्चालन गर्नेसम्बन्धी विवादका सम्बन्धमा गठित कार्यदलले दिएको प्रतिवेदन सार्वजनिक गर्ने निर्णय गरेको छ । उनले भने,'लामो समयदेखि विवादमा रहेको मुलुकको औद्योगिक क्षेत्रलाई असर पार्ने ढंगले विद्युत् आपूर्ति बन्द हुँदा औद्योगिक उत्पादन, रोजगारी, राजस्व र अर्थतन्त्रमा नकारात्मक असर परेकाले समस्या समाधान गर्न सरकारले विद्युत आपूर्ति गर्ने र प्रयोग भएको विद्युत्को महशुल १५ दिनभित्र बुझाउनैपर्ने निर्णय गरेको छ ।' उनले मन्त्रालयले आ-आफ्नो जिम्मेवारी पूरा गर्ने तथा कर्मचारीले सरकारका निर्णय कार्यान्वयन गर्नुपर्ने भन्दै यदि त्यसको अवज्ञा गरिए क्षयम्य नहुने स्पष्ट पारे ।

### मन्त्रिपरिषद बैठकका निणर्य

मन्त्रिपरिषद्को २०८० साल पुस २४ को निर्णयअनुसार सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लालको संयोजकत्वमा डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनबाट विद्युत् उपभोग गर्ने ग्राहकहरूको विद्युत् महसुलसम्बन्धी विवाद समाधानका लागि गठित जाँचबुझ आयोगले २०८१ साल वैशाख २३ मा पेस गरेको प्रतिवेदन सार्वजनिक गर्न ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई स्वीकृति प्रदान गर्ने निर्णयसमेत मन्त्रिपरिषद्ले गरेको छ ।

यस्तै बैठकले कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (आइएफएडी) मा नेपाल सरकारका तर्फबाट अमेरिकी डलर ७५ हजार योगदान भुक्तानी गर्न स्वीकृति प्रदान गर्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ । त्यस्तै, स्वास्थ्य बीमा बोर्डका अध्यक्ष डा गुणराज लोहनीको राजीनामा स्वीकृत भएको गुरुङले जानकारी दिए ।

अछाम जिल्लाको साँफेबगर नगरपालिका-६ मा पर्ने साबिक माष्टमाण्डौं गाविस-१ मा जग्गा एकीकरण आयोजना सञ्चालन गर्न स्वीकृति दिने निर्णयसमेत मन्त्रिपरिषद्ले गरेको छ ।

मन्त्रिपरिषद्को बैठकले भन्सार महसुल नियमावली, २०८१ र राहदानी (दोस्रो संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने निर्णयसमेत गरेको छ । यही कात्तिक २६ देखि २८ गतेसम्म चीनको सिचुवान प्रान्तको छेन्दुमा आयोजना हुने 'सिचुआन अन्तर्राष्ट्रिय सहर सहयोग र विकास सम्मेलन-२०२४' मा सहभागी हुन लुम्बिनी प्रदेशका मुख्यमन्त्री र प्रमुख सचिवलाई स्वीकृति दिने निर्णय मन्त्रिपरिषद्ले गरेको छ । नेपाल सरकार र स्विडेन सरकारबीच सहकारीका क्षेत्रमा हुने द्विपक्षीय सम्झौता स्वीकृत गर्ने र उक्त सम्झौतामा नेपालका तर्फबाट समकक्षी मिलाई हस्ताक्षर गर्न वन तथा वातावरण मन्त्रालयलाई अख्तियारी प्रदान गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको छ ।

# लुम्बिनीका मुख्यमन्त्री आचार्य चीनतर्फ

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २६ कात्तिक



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यसहितको प्रतिनिधि मण्डल चीन प्रस्थान गरेको छ । चीनको सिचुआन प्रान्तमा हुने अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागि हुन सोमबार मुख्यमन्त्री आचार्य त्यसतर्फ प्रस्थान गरेका हुन् । चाइना एयरलाइन्सको ५:५५ बजेको फ्लाइट मार्फत त्यसतर्फ प्रस्थान गरेको मुख्यमन्त्रीको निजि सचिवालयले जनाएको छ ।

सिचुआन प्रान्तमा समन्वय र विकासको विषयमा छलफल गर्न (नोभेम्बर ११ देखि १३) कात्तिक २६, २७ र २८ गते अन्तर्राष्ट्रिय सम्मेलन शुरु भएको छ । मुख्यमन्त्री आचार्यसहित ७ सदस्यीय प्रतिनिधि मण्डल चीन प्रस्थान गरेको भ्रमणदलमा सहभागी मुख्यमन्त्रीका स्वकीय सचिव कुशल भुसालले जानकारी दिए । मुख्यमन्त्री आचार्यसहित आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्की, प्रमुख सचिव महादेव पन्थलगायत भ्रमणमा सहभागी छन् । यो भ्रमणले लुम्बिनी प्रदेश सरकार र चीनको सिचुआन प्रान्तबीच पारिस्परिक सहयोग तथा सद्भाव थप अभिवृद्धि गर्ने विश्वास लिइएको छ । भ्रमणको क्रममा लुम्बिनी प्रदेशको समग्र विकासका योजनालाई अघि बढाउन दुई पक्षीय सहयोग र सहकार्यको बारेमा समेत उच्चस्तरीय भेटवार्ता हुने जनाइएको छ ।

मुख्यमन्त्री आचार्यको चीन भ्रमणलाई आइतबार बसेको संघीय सरकार मन्त्रीपरिषद् बैठकले अनुमति दिएको थियो । यसअघि कात्तिक २० गते बसेको प्रदेश सरकार मन्त्रीपरिषद् बैठकले चीन भ्रमण स्वीकृत गर्ने निर्णय गरेको थियो । मुख्यमन्त्री विदेश रहेका बेला भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी पाएका छन् ।

वि.सं. २०७६ सालमा प्रदेश सरकार र सिचुआन प्रान्त विच भगेनी सम्वन्ध कायम गरिएको थियो । तत्कालिन मुख्यमन्त्री शंकर पोखेलले सिचुआन प्रान्तबीच भगेनी सम्बन्ध कायम गरेका थिए । कृषि, उद्योग, पर्यटन लगायतका क्षेत्रमा लुम्बिनी प्रदेश सरकार र सिचुआन प्रान्तबीच सहयोग आदान-प्रदान गर्ने समझदारी भएको थियो ।

# जयपृथ्वी विद्यालयका शिक्षकहरुबीच सिकाइ आदान–प्रदान

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, २६ कात्तिक



प्रगशिल युवा समाज बझाङले जयपृथ्वी नगरपालिकाका आठ वटा सामुदायिक विद्यालयहरुका शिक्षकहरुबीच सिकाई आदान-प्रदान कार्यक्रम सोमबार चैनपुरमा गरेको छ ।

वर्ल्डभिजन इन्टरनेशनल नेपाल, एडुटेक नेपालको आर्थिक सहयोग र प्रगतिशिल युवा समाजद्वारा सञ्चालित विद्यालयमा प्रविधिमैत्री शिक्षा सिक्ने अवसर (टेलस) परियोजना अन्तर्गत सिकाई आदान-प्रदान कार्यक्रम गरिएको हो ।

विद्यालयमा सञ्चालन गरिएको सूचना, सञ्चार तथा प्रविधि ल्याब (आइसिटी ल्याब) सञ्चालन भएपछि विद्यालयमा विद्यार्थीहरुको सिकाईमा आएको परिवर्तन तथा आईसिटी ल्याबको व्यवस्थापनबारे छलफल भएको छ ।

छलफलमा नारायण माध्यामिक विद्यालय, बालविकास माध्यामिक विद्यालय, पाण्डु माध्यामिक विद्यालय, निलकट्टी माध्यामिक विद्यालय, सुनिपिपलचौर माध्यामिक विद्यालय,भवानी माध्यामिक विद्यालय, शिशु आधार भूत, विद्यालय, र सुर्मा आधारभूत विद्यालय, गरी नगरपालिकाका ८ वटा विद्यालय प्रधानाध्यापक र आइसिटी शिक्षकहरु र पत्रकारको सहभागिता रहेको थियो ।

प्रगतिशिल युवा समाजका अध्यक्ष रमेश केसीले शिक्षामा प्रविधि आजको आवश्यकता भएको भन्दै विद्यालयमा अब शिक्षकहरु निकै चनाखो भएर शिक्षण गर्नुपर्ने बताए ।

छलफलमा आइसिटी ल्याबको दिगोपना, विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला व्यवस्थापन र प्रयोग सम्बन्धी कार्यविधि २०८१ को कार्यान्वयन, विद्यालय सुधार योजना लगायत चुनौती र समाधानका विषयमा पनि छलफल भएको थियो ।

प्रगतिशिल युवा समाजका परियोजनाका अधिकृत पाण्डव पुजाराले सञ्चालन गरेको कार्यक्रममा वर्ल्डभिजन इन्टरनेशनल नेपालका टेलस परियोजना सयोजक जमुना श्रेष्ठले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारेकी थिइन् । प्रगतीशिल युवा समाज बझाङले जयपृथ्वी नगरपालिकाका आठ वटा सामुदायिक विद्यालयहरुमा सुचना, सञ्चार तथा प्रविधी (आइसीटी) ल्याब स्थापना गरेको छ ।

# 'काम सम्पन्न योजनाको भुक्तानी सरकारले दिन सकेन'

**अर्घाखाँची/मस–** निर्माण व्यवसायी संघ लुम्बिनी प्रदेशका वरिष्ठ सदस्य तथा वरिष्ठ निर्माण व्यवसायी कासिराम बस्यालले काम सम्पन्न भएका सयौं योजनाहरुको संघीय सरकार प्रदेश सरकारले भुक्तानी दिन नसक्दा निर्माण व्यवसायीहरु आर्थिक संकटमा परेको बताएका छन् ।



बस्यालले अघिल्लो वर्ष सम्झौता गरेका सबै योजनाहरु यस वर्ष सम्पन्न भएपनि व्यवसायीले गरेको कामको भुक्तानी नपाउनु दु:खद भएको बताउँदै सरकारले काम सम्पन्न योजनाको भुक्तानी नदिए निर्माण व्यवसायीले काम बीचमा छोड्न बाध्य हुने चेतावनी दिएका हुन् ।

बस्यालले सरकारले पैसा तिर्ने कुरा अपनत्व लिन्नँ भन्न नमिल्ने बताउँदै निर्माण व्यवसायीको समस्याप्रति सरकार गम्भीर हुन नसकेको आरोप लगाए ।

वर्तमान लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य अर्थमन्त्री भएको बेला काम सम्पन्न गरेका निर्माण व्यवसायीहरूलाई प्रदेह सरकारले तत्काल भुक्तानी दिने गरी बजेट व्यवस्थापन नगरेकोप्रति इंकित गर्दै वरिष्ठ निर्माण व्यवसायी बस्यालले यस्तो बताएका हुन् । सोमबार सन्धिखर्कमा मध्यान्हसँग बस्यालले भने,'वर्तमान सरकार पनि विगतको सरकारको निरन्तरता हो भन्ने कुरा सरकारमा पुगेकाहरुले बिर्सन हुँदैन ।'

व्यवसायी बस्यालले थपे, 'निर्माण व्यवसायीहरूलाई भुक्तानी दिन नसक्ने कुरा गलत हो, सरकारले अहिले म्याद थप गर्ने ३ हजार आयोजनाको ४ खर्ब रुपैयाँ भुक्तानी गर्न सक्दैन भनेको छ । यो कुरा स्वीकार अर्थमन्त्रीले गरेका छन् । तर विगतका वर्षहरूमा विगतका सरकारहरूले गरेका कमीकमजोरीलाई यो सरकारले त्यसको अपनत्व गर्दिनँ भन्न मिल्दैन । यो सरकार विगतका सरकारको निरन्तरता हो भन्ने कुरा सरकारले बिर्सनु हुन्न । यसको निकास दिने जिम्मेवारी सरकारको हो । व्यवसायिले भुक्तानी पाउनुपर्छ ।'

सरकारले निर्माण कार्य सकेका आयोजनाको पैसा दिनुपर्ने उनले बताए । आफुहरु अदालत जान बाध्य हुन्छौं भन्दै उनले पाउनुपर्ने भुक्तानी तत्काल पाउनुपर्ने बताए ।

उनले भने, 'भुक्तानीको व्यवस्थापन गर्न नसक्ने भए त्यस्ता आयोजनाहरूलाई सरकारले खारेज गर्नपर्छ ।' उनले सरकार अभिभावक भएको भन्दै जनतालाई भ्रमित गर्ने काम, निर्माण उद्योगलाई ध्वस्त बनाउने काम गर्न नहुने पनि बताए ।

निर्माण व्यसायीहरूलाई समाप्त गरेर निर्माण व्यवसायी मात्रै समाप्त नहुने भन्दै मुलुकको अर्थतन्त्र समाप्त हुने उनको भनाइ छ । बस्याल नेपालका धेरै ठाउँमा काम गर्ने ठूलो निर्माण कम्पनी सागर निर्माण सेवाका सञ्चालक हुन् । उनले अर्घाखाँचीमा धेरै कामहरु गरेका छन् ।

# फ्लाई ओभर निर्माणमा ढिलासुस्ती नगर्न मन्त्री दाहालको निर्देशन



**काठमाडौं/मस–** भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले ललितपुरको ग्वार्कोमा निर्माणाधीन फ्लाई ओभरको स्थलगत निरीक्षण गरेका छन् । मन्त्रालयका उच्च अधिकारीसहित उनी निर्माणस्थलमा पुगेका थिए ।

निरीक्षण पश्चात् मन्त्री दाहालले फ्लाई ओभर निर्माणको कामलाई गति दिन निर्देशन दिए । त्यस क्रममा उनले पूर्वाधार तथा विकास आयोजना निर्माण कार्यमा हुने ढिलासुस्ती सह्य नहुने बताए ।

काठमाडौंको सहरी तथा यातायात व्यवस्थापन गर्न महत्वपूर्ण हुने अपेक्षा राखिएको उक्त फ्लाई ओभर निर्माणको कार्यलाई गति दिएर समयमै सक्न मन्त्री दाहाले निर्देशन दिए । निरीक्षण टोलीमा मन्त्री दाहालसहित मन्त्रालयका सचिव केशवकुमार शर्मा, सडक विभागका महानिर्देशक रामहरि पोखरेललगायत रहेका थिए ।

विसं २०७८ फागुन १२ गतेदेखि निर्माण सुरु भएको उक्त फ्लाई ओभर आगामी पुस पहिलो हप्तासम्म निर्माण सम्पन्न गर्नुपर्ने छ । तीस मिटर स्पानको चार लेनको सो पुलसहितको फ्लाई ओभर निर्माणको काम आशिष-समानान्तर-रेलिगेर जेभी काठमाडौंले गरिरहेको छ ।

# काठमाडौंमा युवा वैज्ञानिक शिखर सम्मेलन हुने

**काठमाडौं/मस–** नेपाल पोलिमर इन्स्टिच्युट र युनिग्लोब माध्यमिक विद्यालयको संयुक्त आयोजनामा आगामी डिसेम्बर २७ र २८ मा युवा वैज्ञानिक शिखर सम्मेलन २०२५ को नवौं संस्करण काठमाडौंमा हुने भएको छ । कक्षा ८ देखि १२ सम्मका विद्यार्थीहरूलाई लक्षित यो सम्मेलन युनिग्लोब माध्यमिक विद्यालय, कमलादीमा आयोजना हुनेछ ।




देशभरका युवा बैज्ञानिक र अनुसन्धानकर्ताहरूले पाँच फरक विधामा आफ्ना अनुसन्धान परियोजनाहरू प्रस्तुत गर्नेछन् । यी विधाहरूमा जीव विज्ञान, रसायन र वातावरण विज्ञान, भौतिक विज्ञान, गणित, इन्जिनियरिङ्ग र रोबोटिक्स, कम्प्युटर विज्ञान र कृत्रिम बौद्धिकता, स्वदेशी ज्ञान र स्थानीय प्रविधि समेटिएका छन् । परियोजनाको छनोटमा नवीन प्रविधि र प्रयोगलाई प्राथमिकता दिइने आयोजकले जनाएका छन् ।

प्रत्येक विधामा उत्कृष्ट परियोजनालाई 'युवा वैज्ञानिक'उपाधि प्रदान गरिनेछ । साथै, सम्मानित हुने युवा वैज्ञानिकहरूलाई सिंगापुरमा हुने १४औं एशिया प्यासिफिक सम्मेलनमा सहभागिता जनाउनका लागि आवेदन दिन योग्य मानिनेछ । छानिएका युवा बैज्ञानिकहरूले नेपाल पोलिमर इन्स्टिच्युटको राष्ट्रिय अनुसन्धान समितिको मार्गदर्शनमा आफ्नो अनुसन्धान क्षमता विस्तार गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धान र नेटवर्किङको अवसर प्राप्त गर्न सक्ने आयोजकले जनाएको छ ।

# तीन सय ५६ ग्राम सुनसहित एक पक्राउ

**काठमाडौं/मस–** तीन सय ५६ ग्राम पहेँलो धातु सुनसहित प्रहरीले एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारत उत्तर प्रदेश गोण्डा जिल्ला कान्जे मोउ बस्ने २७ वर्षीय कनैया लाल रहेका जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए ।

उनले भने,'काठमाडौं चन्द्रागिरि नगरपालिका-२ नागढुङ्गास्थित चेक प्वाइन्टमा बुटवलदेखि काठमाडौंतर्फ आउँदै गरेको लु २ ख ६८५८ नम्बरको यात्रुवाहक बस चेकजाँच गर्ने क्रममा निज कनैया लाललाई सुन जस्तो देखिने पहेँलो धातुसहित पक्राउ गरिएको हो ।'

निज कनैया लालले गुप्ताङ्गमा कार्बनको कागज बाहिर खैरो रङको टेपले बेरेर लुकाइछिपाइ ल्याएको अवस्थामा उक्त धातु ११ टुक्रा ल्याएका थिए । घटनाका विषयमा प्रहरी वृत्त थानकोटबाट थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ ।

# लागुऔषध कारोबारको 'हब' बन्यो फार्मेसी

**भक्तपुर/मस–** जिल्लामा सञ्चालित औषधि पसल अर्थात् फार्मेसीदेखि सौन्दर्यकला व्यवसाय अर्थात् ब्युटिपार्लरसम्म लागुऔषध कारोबारको 'हब' बन्न थालेका छन् ।



जिल्ला प्रहरी परिसर भक्तपुरले औषधि पसलदेखि ब्युटी पार्लरसम्मबाट धमाधम लागुऔषध कारोबारीलाई पक्राउ गर्न थालेपछि फार्मेसी लागुऔषध कारोबारीको हब बन्न थालेको आशंकामा गोप्य 'सर्च' गर्नाका साथै छापा मार्न थालेको छ ।

मानवीय शरीरजन्य रोगका उपचारका लागि सरकारले स्वीकृत दिएका औषधि बिक्री गर्न सञ्चालन भइरहेका फार्मेसी अर्थात् औषधि पसल नै मानवीय स्वास्थ्य जोखिममा पार्ने लागुऔषध कारोबार गर्न थालेपछि प्रहरी यसतर्फ केन्द्रित हुँदै पक्राउ गर्न थालेको प्रहरी परिसरका प्रहरी उपरीक्षक माधव बुढाथोकीले जानकारी दिए ।

अघिल्लो आर्थिक वर्ष लागुऔषध कारोबारको अभियोगमा भक्तपुरमा एक जनालाई पनि पक्राउ नगरेको प्रहरीले यही कात्तिक महिनामै पाँच घटनामा १० जनालाई पक्राउ गरेको उनले जानकारी दिए । प्रहरी उपरीक्षक बुढाथोकीले भने, 'म आएको एक महिना भयो, अघिल्लो वर्षको अपराधको तथ्यांक अध्ययन गर्ने क्रममा अघिल्लो आर्थिक वर्षमा लागुऔषध कारोबारी र दुर्व्यसनी कोही पनि पक्राउ नपरेको, मुद्दा नचलेको र भक्तपुर लागुऔषधमा शून्य भएको पाएँ, मलाई शंका लाग्यो र अभियान सुरु गरे, अवस्था फरक रहेछ, धमाधम पक्राउ गर्न थालेका छौं ।'

उनले औषधि व्यवसाय नै लागुऔषध कारोबारको हब बन्न थालेको आशङ्का पैदा भएको जनाउँदै औषधि पसल, ब्युटीपार्लरदेखि प्रयोगकर्तासम्मलाई पक्राउ गर्ने अभियान शुरु गरेको बताए । प्रहरीले गत शनिबार मध्यपुरथिमि-९ राधेराधेस्थित सुजु मेडिकलबाट लागुऔषधको कारोबार गरेको पाइएपछि सञ्चालक ४८ वर्षीय गणेशप्रसाद आचार्यलाई पक्राउ गरी अनुसन्धान अघि बढाएको उनले बताए ।

प्रहरी उपरीक्षक बुढाथोकीले भने, 'सुजु मेडिकलबाट लागुऔषध बिक्री वितरण भइरहेको अवस्थामा फार्मेसीबाट पाँच सय ३० थान ट्याब्लेट लागुऔषध बरामद गरेका छौं, त्यसैगरी मध्यपुरथिमि नगरपालिका-१ लौहकिन्थली अर्को फार्मेसीका सञ्चालक रोहित सिंहसहित बलिराम खड्कालाई एक सय ८० ट्याब्लेट लागुऔषधसहित पक्राउ गरेर जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान र कारबाही प्रक्रिया अगाडि बढाएका छौं ।'


## काबेली ह्युमन रिसोर्स प्रा.लि.को अत्यन्त जरुरी सूचना

काबेली ह्यूमन रिसोर्स प्रा.लि. इजाजत नं. ८०७/२०६५/०६६ को नेपाल अधिराज्यभरि कुनै पनि शाखा तथा यसका एजेन्ट छैन । यदि कसैले म काबेलीको आधिकारिक व्यक्ति हुँ भनि भिजिटिङ कार्ड, कुनै बोर्ड आदि देखाएर वैदेशिक रोजगारको प्रलोभन देखाइ आर्थिक संकलन तथा राहदानी मागेमा यस प्रा.लि.को आधिकारिक सम्पर्क नं. ०१५९१३६०६ वा मोबाइल नं. ९८५११४२४१८ मा तुरुन्त सम्पर्क गरिदिनुहुन सर्वसाधारण सबैमा यस प्रा.लि हार्दिक अनुरोध गर्दछ । **साथै माथिको सूचनालाई बेवास्ता गरी कुनै आर्थिक कारोबार गरेमा यस प्रा.लि. जिम्मेवार हुने छैन ।**

**काबेली ह्युमन रिसोर्स प्रा. लि.**
पिंगलास्थान-९, गौशाला, काठमाडौं ,नेपाल, फोन: ४११३६०७
Govt. Lic No.: 807/065/066

## Join Our Team !

**Langtang Overseas Pvt. Ltd.**

Are you ready to build your career in a leading manpower agency? We have exciting job opportunities available right here in Kathmandu. If you're driven, detail-oriented, and passionate about growth, apply today!

**Job Openings:**

1. **Documents Officer:**
   - Vacancies: 2 Positions
   - **Requirements:** Experience with documentation processes, attention to detail, strong organizational skills Excellent computer skills.
2. **Social Media Marketing Specialist:**
   - Vacancy: 1 Position
   - **Requirements:** Knowledge of social media trends and strategies, content creation, excellent communication skills. Graphic Designing.

***Why Join Us?***
- *Competitive Salary*
- *Career Growth Opportunities*
- *Dynamic Work Environment*

**Apply Now**

For more details, reach us at +977 9851354196
**Shape your future with us at Langtang Overseas Pvt. Ltd.**
**www.langtangoverseas.com**

## साउदीमा रोजगार

कम्पनी: HORIZON ORBITAL INDUSTRIAL FACTORY COMPANY  शहर : Jeddah
पूर्व स्वीकृत मिति: २०८१/०७/२६  चलानी नं.: ६०२२७८४२  L.T. No.: 313435

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 4 | 0 | स. काममा दक्ष | 1500 | ५३,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ४ गते (19 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**AL JAZEERA OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 1343/074/075
Samakhusi, Kathmandu, Nepal, Tel: 4970605,4952379, Fax: 4352379
E-mail: info@aljazeeraoverseas.com, Web.: www.alzeeraoverseas.com.np

## वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत, कर्णाली प्रदेश, नेपाल

**भुलसुधार गरिएको सम्बन्धमा सूचना**

यस कार्यालयको मिति २०८१/०७/२६ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित मुहान दर्ता सम्बन्धी दाबि बिरोध गर्ने सूचनामा क्रम संख्या नं. ५ को ठेगानामा वीरेन्द्रनगर नगरपालिका वडा नं. १५, रतु, सुर्खेत हुनुपर्नेमा अन्यथा हुन गएकोले सम्बन्धित सबैको लागि भुलसुधार गरिएको जानकारी गराइन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
२७ कात्तिक २०८१, मंगलबार
12 November 2024, Tuesday

सम्पादकीय

## बद्नाम बनिरहेको राजनीति

जापान भ्रमणका क्रममा मानव तस्करी प्रकरणमा जोडिन पुगेपछि लिलाबल्लभ अधिकारीले कोशी प्रदेशका आन्तरिक मामला मन्त्रीबाट राजीनामा दिए। उनको राजीनामा लगत्तै नेकपा एमालेले सम्पूर्ण पार्टी हैसियतबाट निस्कासन गर्‍यो, प्रहरी पक्राउमा परे। आइतबार अधिकारीलाई प्रहरीले पक्राउ गरी काठमाडौं ल्याएको छ।

कोशी प्रदेशका एमाले सांसद एवं आन्तरिक मामिला मन्त्री नै मानव तस्करीमा जोडिएको समाचार आइरहँदा गण्डकी प्रदेशका सांसद् एवं पूर्वमन्त्री दीपक मनाङे उर्फ राजीब गुरूङ ज्यान मुद्दामा दोषी ठहर भए। गण्डकी प्रदेश सभामा निर्विरोध सांसद रहेका मनाङे ६ पटक मन्त्री भइसकेका व्यक्ति हुन्। तर ज्यान मुद्दामा ५ वर्ष कैद सजायको फैसला सदर भएका मनाङेको मुद्दा भने २१ वर्ष पुरानो हो। २०६१ सालमा चक्रे मिलनमाथि खुकुरी प्रहार घटनामा मनाङे आरोपित थिए। गुण्डागर्दी पृष्ठभूमिकै चक्रे मिलनलाई खुकुरी प्रहार गरेको आरोपमा मनाङे पटकपटक पक्राउ पर्ने गरेका थिए। तर उच्च अदालतबाट १० वर्ष भन्दा कम सजाय भएका व्यक्तिले बाहिरै बसेर मुद्दा लड्न पाउने व्यवस्था उनले उपयोग गरेका थिए।

अर्थात् दोषी ठहर भएर पुनरावेदनका क्रममा रहेका मनाङे गण्डकी प्रदेश सभामा दोहोरिएर सांसद भए। ठूला दलहरूले उनलाई पटकपटक मन्त्री बनाए। गत १७ असारमा सरकार फेरिदा पनि उनी मन्त्री नै थिए, र निरन्तरता दिन मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे आग्रह गरेका थिए। तर मनाङे आफैले मन्त्री नहुने अडान लिएर राजीनामा बुझाएका थिए। उनै मनाङेको मुद्दामा सुनुवाइ गर्दै ५ वर्ष कैद सजायको फैसला सर्वोच्चबाट सदर भयो। प्रदेशको गृह प्रशासन हेर्ने मन्त्री अधिकार मानव तस्करीको आरोपमा पक्राउ पर्नु र पटकपटक मन्त्री बनेका मनाङे ज्यान मुद्दामा दोषी ठहरिनु राजनीतिमा अपराधिक पृष्ठभूमिका व्यक्तिहरू रहेको पछिल्ला उदाहरण मात्र हुन्।

गत वर्ष मात्र रोज राणा भनेर चिनिने सरोज थापा लुम्बिनी प्रदेशका मन्त्री थिए। उनको पृष्ठभूमि पनि विवादित नै हो। चर्को विरोधपछि केही दिन अघि बादबाह कुर्मीले लुम्बिनी प्रदेशको मन्त्री पदबाट राजीनामा दिए। कुर्मीलाई अपहरणपछि हत्याको आरोप छ। निर्मलादेवी कुर्मीको अपहरणपछि हत्या गरेको आरोप लागेका बादशाहमाथि कारबाहीको मागमा आन्दोलन चलिरहेकै छ। बादशाह लुम्बिनी प्रदेशको सांसद बन्नुअघि नै कारबाहीको माग राखेर रूबी खान र उनका साथीहरूले आन्दोलन थालेका थिए।

तर सार्वजनिक रूपमै आलोचना खेपिरहेका, मुद्दा खेपिरहेका व्यक्तिहरूलाई राजनीतिक नेतृत्वले अवसर दिदै आएका छन्। सत्ता र पदको स्वार्थमै अपराधिक पृष्ठभूमिका व्यक्तिहरूले राजनीतिक अवसर पाइरहेका छन्। यसका पछाडि जसरी पनि चुनाव जित्ने नेताहरूको बाध्यता अर्को कारण देखिन्छ। तर अपराधिक पृष्ठभूमिका व्यक्तिहरूलाई राजनीतिक अवसर दिइदाको सन्देश भने राम्रो गइरहेको छैन। त्यसैपनि 'आई हेट पोलिटिक्स' भन्ने युवाहरूमा पुराना नेताहरूप्रति राम्रो धारणा छैन। अझ सार्वजनिक रूपमै प्रश्न खेपिरहेका पात्रहरूलाई राजकीय लाभको अवसर दिइदा राजनीतिक बितृष्णा थप बढेर जाने प्रष्ट छ। र यस्तो कोर्स सच्चिनुको विकल्प छैन।

# चतुर्मास र शरदको बिदाइ

*एकादशीमा विशेषगरी व्रत बस्ने गरिन्छ। पानीसमेत नखाई व्रत बस्नु एउटा कुरा भए पनि मुख्य कुरा वाणीको व्रत, श्रवणको व्रत, आचरण, तन, मन, धनको पवित्रता, इन्द्रिय निग्रह, देव पूजा, हवन, जप, अनुष्ठान, दान, क्षमाशीलता नै उपासनाका स्वरूपहरू हुन्।*

धर्म-संस्कृति



● अच्युतप्रसाद पौडेल 'चिन्तन'



दिनहरू ढल्दै जान्छन्, बुढ्यौली बित्तै जान्छ, समय गएको पत्तो हुन्न, हिलो मैलो सकियो, शारदीय रात्रिहरू पनि सकिनै लागे, असोज र कार्तिक, शरदको उल्लास यसपालि बाढी र पहिरोले खाइदिएको छ। दसैं आयो गयो, तिहार आयो गयो, छठ पनि आयो गयो, तर कपाल सेतो भएको पत्तो अत्तो भएन, कति सुकर्म भए वा कुकर्म गिन्ती पनि भएन, असारसँगै सुरु भएको चतुर्मासको समय चार महिने त्यो पनि गयो, अब त हेमन्त, शिशिरको चिसो मौसमले कतिलाई के-के गर्ला, बस् दिनहरू गन्दै, आउने दिन पनि ढल्दै जानेछन् हाम्रा।

आषाढ शुक्ल हरिशयनी एकादशीदेखि आरम्भ भएको चतुर्मासको क्रम वैकुण्ठ चतुर्दशी कार्तिकसँगै मापन हुँदैछ। कार्तिक २७ गते हरिबोधिनी एकादशी नामैले स्पष्ट छ कि बोधिनी भन्नाले ब्युँझने अर्थ लाग्छ। सुतल लोकमा बलिका ढोकामा आषाढमा शयन अर्थात् सुतेका श्री विष्णु ब्युँझेर वैकुण्ठतिर लाग्ने दिन। चार महिनासम्म घर आँगनीमा पूजा गरी सजाइएको तुलसीको बिहे स्वयम् श्री विष्णुसँग गराइने हाम्रो धार्मिक मान्यता रहेको छ। देशको राजधानी, उपत्यकामा रहेका भक्तपुरको चाँगुनारायण, ललितपुरको विशंखु नारायण, काठमाडौंको फर्पिङस्थित शेष नारायण अनि स्वयम्भू पछाडिका इचँगु नारायणको दर्शन गर्न जाने भक्तहरूको भीड नै देखिन्छ। त्यस्तै शिर भाग भनिएको शिवपुरीको काखैमा रहेको बुढानीलकण्ठमा भक्तहरूको पाइला राख्ने ठाउँ हुँदैन। पूर्वीय धर्म दर्शनप्रति हुरुक्क हुने नेपालीहरूको अत्यन्तै यस्ता विभिन्न पवित्र क्षेत्रहरू विश्व सम्पदा सूचीमा समेत परेका छन्। अत्यन्तै ठूलो पुण्य प्राप्त भई मानव मात्रले मानवीय सेवामा समर्पित हुन सिकाउने एकादशीको उदय र महत्व बारे शब्दले वर्णन गर्न कठिन छ।

संस्कृतिको मोह थियो पश्चिमा विद्वान् म्याक्समूलरलाई र भने वेदमा ठुलो विज्ञान छ, वेदको आदिभूमि हाम्रो। भर्खरै भारतीय हिन्द मूलकी ह्यारिसले अमेरिकी राष्ट्रपतिको चुनाव हारिन्, बंगलादेशमा हिन्दुहरू विरुद्ध नाराबाजी भयो, संसारमा हिन्दुहरू सवा अर्ब छन् र भारत, नेपाल आसपास नै एक अर्ब १६ करोड बढी। ट्रम्प अत्तालिएका थिए भारतीय मूलकी ह्यारिसले आफूलाई पछार्लिन् भनेर, तर चुनाव परिणाम ट्रम्पतिरै गयो र उनको पहिलो सम्बोधनमै बंगलादेशमा भएको हिन्दविरुद्ध भएको व्यवहारलाई खुलेर विरोध गरे। भर्खरैको लक्ष्मीपूजामा वाशिङ्टन डिसीमा ओम जय जगदीश हरे भन्ने भजन घन्किएर दीपावली गरिएको छ, पहिले ओबामाले पनि तिहारमा दीपावली गरेका थिए, नासाका वैज्ञानिकहरू संस्कृत भाषाप्रति रुचि बढाउँदैछन् र वेद रुद्री अमेरिकामा घन्कँदै मात्रै होइन, विश्वको दोस्रो पशुपतिनाथको मन्दिर तयार भइसकेको छ त्यहाँ। अघिल्लो साल मोदीले मुस्लिम देशमा राम मन्दिरको उद्घाटन गरे। गेरु वस्त्रधारी भारतीय चर्चित नेता प्रधानमन्त्री मोदी र दोस्रोपल्ट अमेरिकामा अप्रत्याशित उदाएका ट्रम्पको निकै राम्रो दौत्य सम्बन्ध रहेको छ। परदेशीसँग गला मिलाउँछौं हामी हाम्रो धर्म, हाम्रो परिधान, हाम्रो भेष भूषालाई बिर्सेर।

सृष्टिको उषाकालमा ब्रह्माजीको अंश, वंशमा तालजङ्घ असुरको उदय भयो। उसको पुत्र मुर दानवको उदयले संसारलाई भयभीत बनायो। देवताहरू राज्यच्यूत भए। शिव आज्ञाले श्रीविष्णुले मुर दानवलाई वद गर्ने आदेश दिँदा श्री विष्णु नै युद्ध क्षेत्रमा पराजित भई भारतीय क्षेत्र वदरीकाश्रमको सिँहावतीगुफामा सुत्नु पर्ने भयो। शयन गरिएका विष्णुका शरीरबाट सम्पूर्ण तेज सहितको एक कन्याको उदय भयो। ती कन्यासँग सम्पूर्ण शस्त्र अस्त्रदेखि युद्धकलाको सम्पूर्ण ज्ञान थियो। ती कन्या त्यही मुर दानवसँग युद्ध गर्न लागिन्। नृशंस र संहारकारी मुर दानव पराजित भयो तिनै कन्याबाट! श्री विष्णु पनि आफू जागा भएर ती कन्यालाई वरदान माग भन्दा उनले आफ्नो नाम एकादशी रहनु पर्ने र तीर्थमा श्रेष्ठ, विघ्ननाशक, सिद्धिदाता, धन, धर्म, मोक्षको कारक भई मानवलाई चाहे अनुसारको सिद्धि दिन सकूँ भन्ने वरदान मागेकीले 'हुन्छ' भन्ने श्री विष्णुको आदेशअनुसार सत्ययुगदेखि नै एकादशीको उदय र महत्व बढ्दै आएको हो।

शुक्ल र कृष्ण गरी दुई भेद भए पनि उस्तै सिद्धि दिने एकादशी हरेक महिनाको दुई वटाको दरले वर्षभरिमा २४ वटा र पुरुषोत्तम माससमेत दुई वटा गरी जम्मा २६ वटा हुन्छन्। त्यसमध्ये तुलसीरोपण एकादशीको नामले चिनिने एकादशी भने जेष्ठ शुक्ल एकादशी 'निर्जला' एकादशी भने जेठ महिनामा पर्छ। तुलसीको मञ्जरीदल छर्ने एकादशी पनि भनिन्छ यस दिनलाई!

सामान्यतया द्वादशीयुक्त एकादशीलाई एकादशी भनिन्छ। दिनको प्रातः समय एकादशी, मध्यदिनभरि द्वादशी र भोलिपल्ट सूर्योदयअघि त्रयोदशी तिथि स्पर्श भएको एकादशीलाई त्रिस्पृशा एकादशी भनिन्छ। यस्तो पर्व परेमा अन्य एक हजार एकादशीको पुण्य एकैदिनको उपासनाबाट लिन सकिन्छ। एकादशीमा दिन या रात उपासना गर्नाले ब्रह्म हत्या, गोहत्या सम्मको दोषबाट मुक्ति पाइने र सयौं अश्वमेधयज्ञ गरेको समेत फल पाइने कुरा शास्त्रहरूमा उल्लेख छ। शुक्ल पक्षको पुनर्वसु नक्षत्रले युक्त भएको एकादशी जया हो शुक्लपक्ष श्रवण नक्षत्रले युक्त विजया हो, द्वादशी रोहिणी नक्षत्र परे जयन्ती हुन्छ र पुष्य नक्षत्र परेमा पापनाशिनी हुन्छ। यस्तो नक्षत्र विशेषको एकादशी परेमा एक वर्षसम्म नित्य एक पाथी तिल दान गरेको वा एक हजार एकादशीको उपवास गरेको पुण्य प्राप्त हुन्छ।

कलियुगमा मानिसको उमेर समय निकै नै थोरै भएकाले यस्ता विशेष दिनहरू पहिल्याई पुण्य लुट्ने प्रयास गर्नु सर्वोत्तम हुन्छ। फलाहार, जलाहार वा निराहारबाट एकादशी उपासना गर्ने गरिन्छ। एकादशी सकेमा जल समेत ग्रहण नगरेर गरिने उपासना हो। नखाएर मात्रै व्रत उपासना हुने भने होइन। मुख्य कुरा वाणीको व्रत, श्रवणको व्रत, आचरण, तन, मन, धनको पवित्रता, इन्द्रिय निग्रह, देव पूजा, हवन, जप, अनुष्ठान, दान, क्षमाशीलता, सबै नै उपासनाका स्वरूपहरू हुन्। एकादशीमा अन्न खासगरी चामलमा मानिसका दुष्कर्म (पाप)हरू बस्ने भएकाले अन्न नै ग्रहण गर्नु परे पनि चामलको भात र परिकार ग्रहण नगर्ने विधान छ। महिनामा एक दुई दिन अन्न त्यागले शरीरको पाचन क्षमता मेटाबोलिजम सिस्टम राम्रो भई शरीर निरोगी हुन्छ र मुख्य जठराग्नि पनि बलियो हुन्छ। आयुर्वेदले पाचन प्रणाली बिग्रने कारण नै सबै किसिमका रोगको उदय हुने बताएको छ। हिजोआजको वातावरण र जँकफूड, फाष्टफूड र पेय पदार्थहरूले हाम्रो स्वास्थ्यलाई कहाँ पुऱ्याएको छ सबैलाई थाहै छ।

व्रतको प्रभाव भने मनको दृढ संकल्प नै हो, मनोबल वृद्धि हो, चित्त शुद्धि हो, धर्म परायण र सात्विकभावको विकास हो। सत्य, धर्म, सदाचार व्यक्ति, समूह, समुदायबाट समग्र राष्ट्र निर्माणमा सहयोग पुग्छ। मनोमालिन्य र द्वन्द्वपूर्ण व्यक्ति र समाज भए भने मुलुक भनौं वा राष्ट्र अथवा पूरै ब्रह्माण्ड नै उजाड बन्ने कुरामा पनि दुई मत छैन। हिरोसिमा, नागासाकी, ट्वीन टावर वा अन्य टाढा जान पर्दैन। देवत्वभावले दानपारमिताले सबैको संरक्षण हुन्छ। वैदिक चिन्तनको स्रोत भूमि नेपालमा रहेको धर्म, संस्कृतिको आज अन्य मुलुकहरूले पनि अनुसन्धान, अध्ययन गर्दैछन्। भावना शुद्ध गरी कार्य गरेमा त्यस्तै योजना, उद्देश्य, रणनीति, कार्यक्रमसँग सहभागी हुन सकेमा समग्र मुलुकको आर्थिक विकास छिटो हुन सक्छ। हामी सबैले चाहेको शान्ति र अमन चयन त स्वतः हुन्छ।

देशमा शान्ति र अमन चयन छ, सबै निर्धक्क छन् भने राज्यले हात हतियार वा आपराधिक क्रियाकलापविरुद्ध ठुलो रकम खर्च गर्नु पर्दैन, त्यसमा गरिने खर्च सजिलै विकास निर्माणतिर लगाउन सकिन्छ। देशमा रामराज्य भइहाल्छ, करको नाममा जनताको ढाड सेक्न पनि पर्दैन। सुरक्षाकै लागि ठुला-ठुला बुलेट प्रुफ गाडी, यानहरूको आवश्यकता पर्दैन। हाम्रै गरिब र अल्पविकसितमा जेठो गनिने देशमा मोदीदेखि सिजिनपिङसम्मको भ्रमणमा भएको सुरक्षा सावधानी बारे सबैलाई जगजाहेरै छ। हाम्रै धरोहर चाडपर्व दशैं तिहारमा सुरक्षा चुनौति देखिएकै हो। हाम्रै जनकपुरमा त्रेतायुगमा सुन जुहारतमा साँचो ताल्चा लाउन नपर्ने, औषधिका नाममा सामान्य सिटामोलसम्म प्रयोग गर्नु नपर्ने रामायणमा लेखिएको छ।

काम्य र नित्य गरी व्रतको दुई स्वरूप छन्। उद्देश्य एवम् कामनापरक काम्य उपासना हुन्छ। कुनै इच्छा नराखी गरिने व्रत उपासना नित्य उपासना हो र एकादशी अनुष्ठान नित्यकर्ममा पर्छ। नित्य र निस्काम व्रतको प्रभावले झन् बढी उद्देश्य सफल बन्ने हुन्छ - कारण मानिसलाई आवश्यक भुक्ति र मुक्ति दुवै प्राप्त हुन आवश्यक छ, जुन एकादशी अनुष्ठानबाट मात्र सम्भव छ। एकादशी व्रत निरोगी हुन्छ, सुखी र समृद्धशाली हुन्छ। जुवा, कुभाषण, मिथ्या, पर निन्दाबाट टाढा हुन्छ। चोरी, हिंसा, क्रोधबाट टाढा हुन्छ भने आवेग र तनावरहित जीवन सञ्चालन हुने हुँदा व्यक्ति, समाज र पूरै राष्ट्र शान्त र समृद्ध हुन्छ। आशा छ हाम्रो स्वर्ण भूमि वेद भूमि, देव र यज्ञ भूमि यहीँबाट पहिले सुरक्षित हुन जरुरी छ।

> *तन र मनको शुद्धि, उपवास, ध्यान-साधना, दान-दक्षिणा, पूजा-आराधनाको महिना अर्थात् चतुर्मास। चतुर्मासभित्र साउन, भदौ, असोज र कार्तिक महिना पर्छन्। यी महिनाहरू निकै शुभ मानिन्छन्। हरिशयनी अर्थात् आषाढ शुक्ल एकादशीदेखि हरिबोधिनी अर्थात् कार्तिक शुक्ल एकादशीसम्मको चार महिने अवधिलाई जुन शास्त्रीय विधानले निकै महत्वपूर्ण छ।*

## सामाजिक सञ्जाल



**- गोकुल बाँस्कोटा**

अरूले उचालेर भागी हाले। अहिले जित्नेले बेहाल पारी हाले। नेपालमा कमरेड माधव युक्रेनमा जेलेन्स्कीको बेहाल भो। ट्रम्पले भाउ नदिएपछि बेलायत पनि मौन हुने पक्का नै छ। त्यै भएर दायाँ-बायाँ नहेरी अरूकै बलमा सुरिने ले यस्तो त भोगिरहन्छन् नै।



**- शरदराज पाठक**

महान्यायाधिवक्ताको भूमिकामा रही जनताको करबाट पालिएका तर विवेक इमान सबै दलका नेताहरूको पाउमा बन्धकी राखेकाको भूमिका यत्तिकै बिर्सिइनुहुन्न। नक्कली शरणार्थी प्रकरणमा खाँड र राहदानी दुरुपयोग प्रकरणमा लामिछानेलाई दिइएको उन्मुक्तिका लागि उनले पनि एक दिन दण्डित हुनै पर्छ।



**- डम्बर खतिवडा**

कांग्रेस-एमालेले सरकारबाट लखेटेर जनतातिर फर्किने अवसर मिल्या हो भने फेरि तिनले सत्ताको हरियो घाँस देखाए जनतातिर बुढी औँलाको भ्यागुतो हल्लाउँदै तिनकै टाट्नातिर कुद्ने होला ? जनतातिर किन फर्किएको रे भन्दा नागरिकप्रतिको दायित्व र कर्तव्य बोधले हैन, कांग्रेस-एमालेले लखेटेर, धैत !



**- पुरुषोत्तम ढुंगेल**

प्रहरीले पनि कतिलाई समातोस् ? भुटानी काण्डका अभियुक्तहरू सबैलाई समात्न नै बाँकी छदै अर्का मन्त्री मानव तस्कर मै जापान एयरपोर्टबाट फिर्ता। मानव तस्कर र सहकारी ठगहरू पनि कति हो कति ? दैनिक बिराएर मानव तस्कर र सहकारी ठग समातिँदै छन्। मानव तस्कर र सहकारी ठग देशको लागि गलगाँड भए। देशको लागि श्राप !

# दलित बालबालिकाले कहिले पाउने शिक्षा ?

विचार



● प्रदिप सिंह

*आज देशमा साक्षर अभियान चलिरहेको छ। साक्षरताको दर यति/उति भयो भनेर प्रगति रिपोर्ट पनि सार्वजनिक भइरहेका छन्। तर, दैनिकीकै निम्ति संघर्ष गरिरहेका तराई-मधेसका दलित समुदायका बालबालिकाले भने कापी-कलम बोक्न पाएका छैनन्। उनीहरू साक्षरताको उज्यालोभन्दा धेरै टाढा छन्।*

हाम्रो राजनीतिमा उखान नै बनेको छ, 'व्यवस्था बदलिए पनि अवस्था बदलिएन'। हो आज पनि विशेषगरी तराई-मधेस क्षेत्रका दलित समुदायहरूको सामाजिक तथा आर्थिक जीवन फेरिएको छैन। उनीहरूको अवस्था निकै नै दयनीय खालको छ। परिवारका सबैजसो सदस्यहरू दैनिकी गुजाराकै निम्ति संघर्ष गर्नुपर्ने अवस्थामा छन्। हातमुख जोड्नमै समय गुजार्नुपर्ने दलित समुदायमा अन्य सम्भावनाका ढोकाहरू करिब बन्द अवस्थामा छन्।

आज देशमा साक्षर अभियान चलिरहेको छ। साक्षरताको दर यति/उति भयो भनेर प्रगति रिपोर्ट पनि सार्वजनिक भइरहेका छन्। तर, दैनिकीकै निम्ति संघर्ष गरिरहेका तराई-मधेसका दलित समुदायका बालबालिकाले भने कापी-कलम बोक्न पाएका छैनन्। विशेषगरी मुसहर, सदा, दास, मण्डल र डोम समुदाय साक्षरताको उज्यालोभन्दा धेरै टाढा छन्। सरकारको साक्षरता नीतिअनुसार पाँचदेखि अठार वर्षका बालबालिकाहरूलाई विद्यालय जान प्रेरित गरिनु पर्दछ। जसको निम्ति उनीहरूलाई सहयोग गर्ने कार्यक्रम पनि बनाइनुपर्छ। यद्यपि, राज्यको त्यो नीतिसम्म तराई-मधेसका दलित समुदाय पुग्न सकेका छैनन्। सरकारले विद्यालय, शिक्षा निःशुल्क गरेको भए पनि यी समुदायका बालबालिकाहरूको पहुँच भने निकै नै सीमित छ। सरकारले सामुदायिक विद्यालयमा निःशुल्क किताब र दिवा खाजा



सुविधा दिएको भए पनि त्यसको लाभ दलित समुदायका बालबालिकाले उठाउन सकेका छैनन्।

समाजले मात्र होइन, सरकारी तथा गैर-सरकारी संघसंस्थाले पनि यी बालिकाहरूलाई शिक्षा र रोजगारीमा पहुँच पुऱ्याउन ठोस पहल गर्ने बेला आएको छ। बालिकाहरूलाई शिक्षामा आकर्षित गर्ने कार्यक्रम र तिनलाई विद्यालयमा टिकाइराख्न विशेष पहल नहुने हो भने भविष्यमा पनि यस क्षेत्रमा समान अवसरको अभाव रहने छ। यसले समाजमा थप असमानताको खाडल बनाउने छ। समाजमा व्याप्त भेदभाव, गरिबी र बेरोजगारीका कारण बालिकाहरूको भविष्य अझै अनिश्चित देखिन्छ।

निष्कर्षमा, सरकारका अधिकांश नीतिहरू औसतलाई हेरेर बनाइएको छ। जसको कारण तराई-मधेसका दलित समुदाय सरकारी कार्यक्रमको पहुँच बाहिर नै रहिरहे। यसको समाधानका निम्ति सरकारले विशेष कार्यक्रम बनाउन आवश्यक छ। उनीहरू किन सरकारको नीतिमा समेटिन सकेनन्, उनीहरूलाई समेट्न के-कस्तो कार्यक्रम बनाउने भन्ने सन्दर्भमा गहन अध्ययन आवश्यक छ। यदि अहिलेकै अवस्था कायम रहिरहेमा समाजमा थप असमानताको अवस्था मात्रै विकास हुँदैन, यसले असन्तोषको अवस्था पनि ल्याउन सक्छ। जसका निम्ति सरकारले चाँडै नै पहल गरोस्। तराई-मधेस क्षेत्रका दलित समुदायका बालबालिकालाई पनि समाज विकासको मूलधारमा समेटिने अवस्था बनाओस्। 'व्यवस्था बदलिए पनि अवस्था बदलिएन' भन्ने भाष्यलाई तोड्ने व्यवस्थाअनुसार अवस्था बदल्नेतर्फ सरकारले कदम चालोस्।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | जोखिम लिनु हुँदैन। दाम्पत्य जीवन समझदारी ढङ्गबाट अगाडि बढ्नेछ। |
| वृष | : | नातागोतासित भेट हुनेछ। आयमा वृद्धि हुने योग छ। |
| मिथुन | : | सामाजिक सहयोग बढ्नेछ। सन्तान सुख प्राप्त हुनेछ। |
| कर्कट | : | दैनिक जीवन सुखी रहनेछ। लेनदेनमा सावधानी राख्नुपर्छ। |
| सिंह | : | पारिवारिक खुसी प्राप्त हुनेछ। उन्नतिको मार्ग प्रशस्त हुनेछ। |
| कन्या | : | साहसिक कार्य सफल हुनेछ। पारिवारिक जीवन सुखी रहनेछ। |
| तुला | : | राजनीतिक कार्यमा लाभ प्राप्त हुनेछ। मनोबल उच्च रहनेछ। |
| वृश्चिक | : | काम बन्ने योग देखिन्छ। प्रतिस्पर्धीमाथि विजय प्राप्त हुनेछ। |
| धनु | : | कुनै पनि कार्यमा हतार नगर्नु होला। वाहन सावधानी राख्नुहोला। |
| मकर | : | धार्मिक कार्यमा सहभागिता बढ्नेछ। प्रभावमा वृद्धि हुनेछ। |
| कुम्भ | : | सम्पर्कमा वृद्धि हुनेछ। पुराना काम सफल हुनेछ। |
| मीन | : | स्वास्थ्यमाथि ध्यान दिनुहोला। कार्य सफल हुनेछ। |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# स्थानीय तहको उपनिर्वाचनमा केन्द्रित हुन कांग्रेस मधेश प्रदेशको आह्वान




जनकपुरधाम/मस-नेपाली कांग्रेसको मधेश प्रदेश कार्यसमितिले यही मंसिर १६ गते हुन लागेको स्थानीय तहको उपनिर्वाचनमा प्रदेशका ७ वटै वडास्तरका निर्वाचन क्षेत्र प्रभावकारी बनाउन विभिन्न उपसमिति गठन गरी परिचालन गर्ने निर्णय गरेको छ।

उपनिर्वाचनमा उम्मेदवारलाई टिकट दिनेबारे निर्णय जिल्लाबाट आएको सिफारिसअनुसार प्रदेशस्तरको संसदीय समितिले गर्ने प्रदेश प्रचारप्रसार प्रमुख नितेश गुप्ताले जानकारी दिए।

बैठकले मधेश प्रदेशमा आवश्यकताअनुसार प्रचारप्रसार समिति गठन गर्ने निर्णय गरेको छ। यस्तै बैठकले कात्तिक २४ गते शनिबार बसेको नेपाली कांग्रेस मधेश प्रदेश पदाधिकारी एवम् कार्यसम्पादन समितिको बैठकले गरेको निर्णयलाईसमेत अनुमोदन गरेको छ।

मंसिर १६ मा हुने मधेश प्रदेशका रौतहटका ३, सप्तरीका २, धनुषाको १ र महोत्तरीको १ गरी ७ स्थानीय तहमा रिक्त रहेको वडाध्यक्ष पदका लागि हुने उपनिर्वाचनमा सम्पूर्ण पार्टी पंक्तिलाई केन्द्रित हुन आह्वान गरिएको छ।

उप निर्वाचनलाई परिणाममुखी बनाउन पूर्वमन्त्री रामशरोज यादव (धनुषा), महामन्त्री उपेन्द्र यादव र सहमहामन्त्री पर्शुराम चौधरी (सप्तरी), नरेन्द्र यादव (महोत्तरी), सहमहामन्त्री जयनारायण यादव र प्रदेश सदस्य सुर्या बहादुर थापा (रौतहट) लाई जिम्मेवारी दिइएको छ।

नेपाली कांग्रेस र नेकपा एमालेको नेतृत्वमा गठन भएको संघीय सरकारलाई सफल बनाउन प्रदेशस्तरीय दुई दलीय राजनीतिक संयन्त्र बनाउने केन्द्रीय निर्णयानुसार नेपाली कांग्रेसको तर्फबाट प्रदेश सभापति कृष्णा यादवको संयोजकत्वमा ३ सदस्यीय संयन्त्र निर्माण गरिएको छ।

# कवि केशव सिलवाल सम्मानित



**सुनसरी/मस-** प्रगतिवादी कवि केशव सिलवाल सम्मानित भएका छन्। अखिल नेपाल लेखक संघ एक नम्बर प्रदेश समितिले कवि सिलवालको एकल कविता वाचन र प्रतिनिधिमूलक कविता गोष्ठी सुनसरीस्थित विमल स्मृति पुस्तकालय, बुद्धचोक, धरान-१८ मा सम्पन्न गरेको हो। उक्त कार्यक्रमको पहिलो सत्रमा प्रगतिवादी कवि सिलवालको एकल कविता वाचन र दोस्रो सत्रमा प्रतिनिधिमूलक कविता गोष्ठी गरिएको थियो।

वरिष्ठ सौन्दर्य चिन्तक, माक्सवादी विद्वान, जनसांस्कृतिक महासंघ नेपालका इन्चार्ज तथा नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सदस्य ईश्वरचन्द्र ज्ञवालीले ब्यानर वाचन गरेर उक्त कार्यक्रमको समुद्घाटन गरेका थिए। प्रमुख अतिथि ज्ञवालीले भने, 'साहित्य, कला र संस्कृति देश र जनताको हितमा हुनुपर्छ। यसले चाहिँ जनताको सेवा गर्नुपर्छ। जनताका यावत जीविकाका समस्यालाई देखाउने, जनताका सत्रुहरूको भण्डाफोर गर्ने र देश र जनतालाई परिवर्तन र मुक्तिको दिशाबोध गराउने काम प्रगतिवादी साहित्यले गर्नुपर्छ। प्रगतिशील र प्रगतिवादी साहित्यमा भिन्नता छ।'

प्रगतिशील साहित्यले यथार्थको आलोचना ,क्रान्ति र परिवर्तनको आकांक्षा र विद्रोहको भावलाई व्यक्त गर्छ।तर प्रगतिवादी साहित्यले क्रान्ति र परिवर्तनको बाटो त्यसको उद्देश्य र क्रान्तिको विधि र प्रक्रिया समेत देखाउँछ र साहित्यकारहरूले विचारअनुसार व्यवहारमा पनि संलग्न हुनुपर्छ भन्छ ।साहित्य र कलाको भूमिका क्रान्तिमा महत्वपूर्ण हुन्छ।

यसले मेसिनको दाती र पेचकिलाको भूमिका खेल्नुपर्छ भनेर लेनिनले भनेका कुरालाई थप व्याख्या गर्नु भएको थियो। साथै, हामी सम्पूर्ण संस्कृतिकर्मीहरू देश, जनता र गरिब वर्गको पक्षमा उभिनु आवश्यक रहेको बताउँदै उनले प्रगतिवादी साहित्यबारे गहन र प्रशिक्षणात्मक मन्तव्य व्यक्त गरेका थिए।

उनले प्रगतिवादी कवि सिलवाल जनताका पक्षमा कविता रच्न सक्षम कवि रहेको चर्चा गर्दै वाचित प्रतिनिधिमूलक कवितामाथि समेत आफ्नो धारणा राखेका थिए। कार्यक्रमका विशिष्ट अतिथि एवम् जनसांस्कृतिक महासंघका केन्द्रीय अध्यक्ष भीम कुमाखीले केशव सिलवाल वर्तमान समयका अब्बल कवि रहेको चित्रण गर्दै हरेक विकृति र विसङ्गतिविरुद्ध प्रत्येक कविहरू जागृत हुनुपर्ने बताएका थिए।

त्रिभुवन विश्वविद्यालयमा अध्यापन पेसामा संलग्न जनसांस्कृतिक महासंघ नेपालका केन्द्रीय महासचिव सिलवाललाई प्रगतिवादी कविता लेखन क्षेत्रका प्रतिनिधिमूलक प्रतिभाका रूपमा चित्रण गरिएको छ। उक्त कार्यक्रममा विशिष्ट अतिथि समेत रहेका सिलवालले कविता लेखनका लागि उच्च साधनाको जरुरत पर्छ। अनि मात्रै कविताले मानिसको मनमस्तिष्क छुन सक्छ भन्ने धारणा राख्दै चिबेचरा,ङा चेपाङ,कमरेड स्याउला, तुइनमा उल्टो झुन्डिएर,जुत्ता र क्रान्ति, यो देश मेरो होइन रहेछ जस्ता ६वटा कविता बाचन गर्नु भएको थियो।

ललितपुर लेलेमा २०३० सालमा जन्मिएका कवि केशव सिलवालका 'बर्जित अवशेष,'असहमतिका स्वरहरू' सं.,'धारिला मानिसहरू' र 'चिबे चरा' जस्ता कविताकृति प्रकाशित भइसकेका छन्।

कवि सिलवाल उक्त कार्यक्रममा सम्मानित समेत भएका थिए। कार्यक्रमका अर्का विशिष्ट अतिथि नेपाल प्रज्ञा-प्रतिष्ठानमा प्राज्ञसभा सदस्य जनसांस्कृतिक महासंघ नेपाल केन्द्रीय सचिवालय सदस्य, जनसांस्कृतिक महासंघ नेपाल एक नम्बर प्रदेशका अध्यक्ष चेतनाथ धमलाले कवि सिलवालका वाचित कवितामाथि टिप्पणी गरेका थिए।

प्राज्ञ धमलाका अनुसार कवि सिलवालका कविता सरल ,सटीक र बोधगम्य रहेका छन्। कविताले भुइँ मान्छेका कथा-व्यथालाई आत्मसात् गर्नुका साथै संरचनागत रूपमा कविताको लेखनशैली निक्कै प्रभावशाली रहेको बताउँदै सामाजिक यथार्थवादका पक्षलाई आत्मसात् गरेको बताएका थिए।

शोषण,दमन,उत्पीडन र उपेक्षामा परेका मानिसका बारेमा कवितासिर्जना गर्न खप्पिस कवि सिलवालले युगसापेक्ष कवितामा वर्गीय र सौन्दर्यचेतनालाई सटीक रूपमा उतारेकालेअब्बल प्रतिनिधि कविको रूपमा चित्रित भएको बताए। कार्यक्रममा जनसांस्कृतिक महासंघका केन्द्रीय सचिव तथा एक नम्बर प्रदेश इन्चार्ज अनुसा राईको विशिष्ट आतिथ्यता रहेको थियो।कार्यक्रमका अतिथि प्रा.डा.खेमनाथ दाहाल,अम्बिका शाक्य र सिद्धिकर्ण शर्माले कविता वाचन गरेका थिए। अतिथि गायिका अम्बिका दवाडीले गीत प्रस्तुत गरेकी थिइन्।

नेपाल प्रज्ञा-प्रतिष्ठान काव्य विभाग सदस्य राम खरेल, राधिका कार्की,टीका मिलन, महेश श्रेष्ठ, दीपक पराजुली, टेकनाथ घिमिरे, राजन निरौला, चन्द्रबहादुर सुवेदी, मनि राई गोठाले, महेश श्रेष्ठ, सानू कोविद, इन्द्रसुर बेल्टारे र युवराज घले लगायतले कविता वाचन गरेका थिए। साथै वीपी कोइरालाले लघुकथा वाचन गरेका थिए। कार्यक्रममा शकुल भुसाल, तुलसी गेलाल, खड्गप्रसाद खनाल, जमुना श्रेष्ठ, पदम ढकाल, बाबुराम श्रेष्ठ, प्रकाश दिप्साली राई, पुष्प ढुंगाना, शोभा मिश्र खनाल, कमल आचार्य र अनूदित खनाल लगायतका कवि, लेखक र श्रोताहरूको उपस्थिति रहेको थियो।

# अर्घाखाँचीको भूमिकास्थानमा ३७ जनालाई अपाङ्गता परिचयपत्र वितरण

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, २६ कात्तिक



अर्घाखाँचीको भूमिकास्थान नगरपालिकामा नगरपालिकाभित्र रहेका ३७ जना अपाङ्गता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरण गरिएको छ। भूमिकास्थान नगरपालिकामा अपाङ्गता परिचय पत्र पाऊ भनी निवेदन दिएका निवेदकहरुलाई नगरस्तरीय समन्वय समितिले अपाङ्गता भएका ३७ जनालाई परिचय पत्र वितरण गरेको भूमिकास्थान नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जगदीशचन्द्र नेपाली जानकारी दिए।

नगरपालिकाले'क' वर्गको रातो परिचय नौ जनालाई वितरण गरेको छ भने 'ख' वर्गको निलो परिचय पत्र १९ जनालाई वितरण गरिएको छ। त्यस्तै 'ग' वर्गको पहेलो परिचय पत्र ७ जना र 'घ' वर्गको सेतो परिचय पत्र २ जना लाई डाक्टर हरुको सिफारिसको आधारमा परिचयपत्र वितरण गरिएको प्रमुख प्रशासकीय अधिकृत नेपालीले मध्यान्हलाई जानकारी दिए।

नगर पालिकामा अपाङ्गता परिचय पत्र वितरणका लागि अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरणकार्यविधि २०७५ तयारी पारिएको उक्त कार्यविधि अनुसार नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा ७ सदस्यीय अपाङ्गता परिचयपत्र वितरण समिति गठन गरिएको नेपालीले जानकारी दिए। कार्यविधि अनुसार पुर्ण अशक्त अपाङ्गता भएकालाई 'क' वर्गको, अति अशक्त अपाङ्गता भएकालाई 'ख' वर्गको, मध्यम अपाङ्गता भएकालाई 'ग' वर्गको र सामान्य अपाङ्गता भएकालाई 'घ' वर्गको परिचयपत्र वितरण गरिन्छ। अपाङ्गता परिचयपत्र वितरण समितिको संयोजक एवम् नगरपालिका उपप्रमुख बालकृष्ण बन्जाडेले कार्यविधि भित्र रहेर नगरले अपाङ्गता परिचय पत्र वितरण गरेको दाबी गरे । उनले अपाङ्गताको वर्गिकरणको आधार डाक्टरको चेकजाँचपछि तय हुने जानकारी दिए।

४ किसिमको अपाङ्गता परिचय पत्र पाएकाहरुमध्ये 'क' र 'ख' वर्गका अपाङ्गता भएकहरुले संघीय सरकारको कार्यक्रम अन्तर्गत नगरबाट भत्ता पाउँदै आएका छन्। 'क' वर्गकाले मासिक ४ हजार र 'ख' वर्गकाले मासिक करिब २ हजार १ सयका दरले भत्ता पाउँदै आएका छन्। 'ग' र 'घ' अपाङ्गता भएका व्यक्तिलाई नगरले आयआर्जनका तालिम दिएर भत्ता खुवाएको र आत्मनिर्भर बनाउको लागि नगरले तालिम समेत दिएको महिला बालबालिका शाखा प्रमुख शान्ता आचार्य भुसालले बताइन्।


## कुमाख गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**रागेचौर, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८१/०७/२७ गते**

यस कार्यालयको आ.व. २०८१/०८२ को लागि मिति २०८१/०६/२३ गतेको www.bolpatra.gov.np/egp मा प्रथम पटक प्रकाशित बोलपत्र सूचनाबमोजिम विद्युतीय (E-bidding) मार्फत पेश हुन आएका बोलपत्रहरू मध्ये न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएको तपसिलबमोजिमको बोलपत्र स्वीकृतीको लागि छनौट भई आशयपत्र दिने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | ठेक्का नं | कामको विवरण | छनौट भएका बोलपत्र दाताको नाम र ठेगाना | स्वीकृत बोलपत्रको रकम रु. (मु.अ.क. र पि.एस. बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| 1. | KRM-NCB-W-02/2081/082 | Palika Gherbaar Tatha Garden Constructions Work | Jenisha Constructions Nepalgunj 18, Banke | 3402875.25 | |

**प्रमुख प्रशासकीय अधिकृत**



**Government of Nepal**
## Urlabari Municipality
## Office of Municipal Executive
**Urlabari, Morang**

### Invitation for Bids

**URL-BlacktopRoad-Ward1-W-NCB-03-081/82**
**First Date of Publication: 2081/07/27(2024/11/12)**

1. Government of Nepal, Urlabari Municipality, Urlabari, Morang invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of Construction of Blacktop road of Fatte tole, Karki chowk to Miklajung Road, Urlabari 1, Morang under NCB Single Stage Double Envelope Bidding Procedures (Technical Bid and Financial Bid). Major qualification criteria, name and identification of the contracts are mentioned below though the details are in the bidding document.
2. All bidders must submit their bid electronically. Electronic bid must be submitted through PPMO's e-GP system https://www.bolpatra.gov.np/egp on or before 12:00 Noon, on 2081/08/27 (12th Dec, 2024) (or as per the date adjusted by e-GP System). Bids received after this deadline will be rejected. Detail electronic bid Submission procedure is as e-GP directives of PPMO. Further information can be obtained from www.bolpatra.gov.np/eGP or from Urlabari Municipality, Morang, Tel 021-541518, E-mail: urlabarinagarpalika@gmail.com.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs. 2,76,55,000.00 (Excluding VAT).
   - Minimum Work Experience of similar size and nature: 1 single blacktop road construction project with a value of NRs. 1,47,50,000.00 (Excluding VAT).
   - Minimum Construction Experience in the following key activities:
     - Sub-Base Course - 1017 cum per year.
     - Base Course - 1066 cum per year.
     - Prime Coat - 9690 Ltr per year.
     - Asphalt Concrete - 285 cum per year.
3. Eligible bidders may download the bidding documents for e-submission from PPMO's e-procurement web portal www.bolpatra.gov.np/eGP. Bidders submitting their bid electronically should deposit the cost of bidding document NRs. 5000.00, in the office's Rajaswa (Revenue) account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher must be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Name of the Bank: Agriculture Development Bank, Urlabari**
   **Revenue Account Number: 0601701150595148**
   **Revenue Account Name: Urlabari Municipality Ga. 1.1 Internal Revenue**
   **Name of the office: Urlabari Municipality, Morang**
4. Pre-bid meeting shall be held at Urlabari Municipality, Urlabari, Morang on 2081/08/06 (21st Nov, 2024) at 1:00 PM.
5. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM on 2081/08/27 (12th Dec, 2024) (or as per the date adjusted by e-GP System) at the office. Non-attendance of any or all the Bidder's representatives shall not hinder opening of the Bids.
6. The bid must be accompanied by Original Voucher of Bid Security amounting to a minimum of NRs. 4,61,000.00 deposited at **Agriculture Development Bank, Urlabari** in Account Holder Office: **Urlabari Municipality, Morang,** Dharauti Khata No. **0601701150595024**, Office Name: **URLABARI MUNICIPALITY GA 3.1 LOCAL LEVEL DEPOSIT A.** or Bid Security guarantee issued by any Commercial Bank & Financial Institution approved by Government of Nepal. Bids must be valid for a period of **90 days** counting from the day of bid opening and must be accompanied by Bid Security as mentioned above which shall be valid for a minimum 30 days beyond the bid validity period.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to amend and correct at any time or to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever before the contract.
9. After the completion of evaluation of technical bids, all the technically substantially responsive bidders will be invited to attend the opening of price bids. The time, date and place of opening of price bids shall be notified in writing and/or by publishing notice.
10. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing rules and regulations of Nepal.

**Chief Administrative Officer**



## यूएईमा रोजगार

कम्पनीः TRIDENT HOSPITALITY SERVICES LLC — शहरः DUBAI
पूर्व स्वीकृत मितिः २०८१/०६/०४ चलानी नं.: ६०२२५५९३ LT. No.: 311034 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Female) | 0 | 7 | स. काममा दक्ष | 900 | ३३,०१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः REACH EMPLOYMENT SERVICES — शहरः DUBAI
पूर्व स्वीकृत मितिः २०८१/०५/११ चलानी नं.: ६०२२४२१७ LT. No.: 309501 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 98 | 0 | स. काममा दक्ष | 800 | २९,३४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता लेमन ट्रि प्रिमियर होटल, बुढानिलकण्ठ, काठमाडौंमा २०८१ मंसिर ४ गते (19 November 2024) मा हुनेछ।

नोटः यसै कम्पनीको लागि Cook, Chef, Baker, Barista, Butcher, Technician, Pastry Cook, Storekeeper, Cleaner(F)/Cleaner(M), Salad Maker, Steward, Light Driver, Heavy Driver, Commi Cook, Chief Steward, Sandwich Maker, Assistant Storekeeper, Catering Supervisor, Cleaning Supervisor, Logistics Assistant, Store Assistant, Catering Assistant, Waiter(M)/Waitress (F), Assistant Chief Steward, Office Boy/ Office Girl, Assistant Cook/ Commi III, Assistant Catering Supervisor, Assistant Cleaning Supervisor को पनि माग भएकोले इच्छुकहरूले निःशुल्क परामर्शको लागि कार्यालयमा सम्पर्क गर्नुहोला।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

OPUS
श्रम ई. पत्र नं. १४८/०६७/०६८
OPUS MANPOWER PVT. LTD.
Samakhusi-26, Kathmandu Mob: 9741690732, 9829217688, 9851100368
E-mail: info@opusmanpower.com



## कुबेतमा रोजगार

कम्पनी : GLAMOR SPA AND GYM WOMEN'S HEALTH INSTITUTE OR GLAMOR SPA AND GYM INSTITUTE FOR WOMEN
पूर्व स्वीकृत मितिः २०८१/०१/३१ चलानी नं.: ६०२१९०१४ L.T. No.:304230 पुनः विज्ञापन शहरः KUWAIT

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 7 | सम्बन्धित काममा दक्ष | 120 | ५२,७१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Hairdresser | 0 | 8 | | 150 | ६५,८९५ | | | | | | | |
| 3. | Manicure & Pedicure | 0 | 6 | | 150 | ६५,८९५ | | | | | | | |
| 4. | Message Lady | 0 | 6 | | 150 | ६५,८९५ | | | | | | | |
| 5. | Receptionist | 0 | 2 | | 170 | ७४,६८१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ४ गते (19 November 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

श्रम इजाजत पत्र नं.: ७७२/०६५/०६६
R.B. OVERSEAS PVT. LTD.
Gongabu, Kathmandu | Phone: 01-4971215, 01-4971043
Mob.: 9801039446, 9801039447, 9802332363, 9802332364 Email:rboverseasnepal@gmail.com
ISO 9001:2015

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२७ कातिक २०८१, मंगलबार
12 November 2024, Tuesday

# मधेशी जनताले धेरै अधिकार पाउन बाँकी छ : उपेन्द्र यादव



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २६ कात्तिक

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेशी जनताले अझैं धेरै हक र अधिकार पाउन बाँकी रहेको बताएका छन् ।

मधेशीले जनसंख्याको आधारमा विकास बजेट, राज्यको सबै निकायमा सम्मानजनक भागीदारी, प्रतिनिधित्व, अवसर, आफ्ना शासन, प्रशासन, नीति, कानून बनाउने अधिकार नपाएसम्म आफूहरुको संघर्ष जारी नै रहने अध्यक्ष यादवले बताए ।

जनता समाजवादी पार्टी नेपाल रौतहट जिल्ला कमिटीले सोमबार गढिमाई नगरपालिका-८ विरनगरामा आयोजना गरेको विशाल जनसभालाई सम्बोधन गर्दै अध्यक्ष यादवले यस्तो बताएका हुन् । 'राज्यले सधैं मधेश र मधेशी जनतालाई अपेक्षा गर्दै आएको कारण मधेशमा सोचे जस्तो विकास हुन्' उनले भने,'नसकेको तथा मधेशी जनता अझैं अधिकार सम्पन्न हुन् नसकेको हो ।'

देशको आधाभन्दा बढी जनसंख्या मधेश प्रदेशमा भएपनि सरकारले जनसंख्याको आधारमा विकास बजेट नदिँदा विकासमा मधेश पछाडि परेको उनले बताए ।

मधेशमा लगभग ५४ प्रतिशत जनसंख्या भएपनि शासक वर्गले १२ प्रतिशत मात्र रकम विकासका लागि छुट्याउने गरेका कारण मधेशमा सोचे जस्तो विकास हुन नसकेको उनको भनाइ रहेको थियो ।

१२ प्रतिशत मात्र बजेटले ५४ प्रतिशत जनसंख्या भएको मधेश प्रदेशको कसरी विकास हुन्छ भन्दै उनले प्रश्न गरे । मधेश र मधेशी जनता सधैं शासक वर्गको गुलाम बनिरहोस्, मधेशमा विकास नहोस भन्ने उद्देश्यले नै राज्यले मधेशमा लगानी गर्न नचाहेको उनले टिप्पणी गरे ।

मधेशी जनताले मधेशबाट कांग्रेस र कम्युनिष्टलाई परास्त नगरेसम्म मधेशीले पूर्ण अधिकार पाउन नसक्ने उनले धारणा राखे ।

कांग्रेस, एमाले र माओवादीका कारण देश अहिले चरम गरिबीको चपेटामा परेको उनले आरोप लगाए ।

लोकतन्त्र स्थापना भएको ३५ वर्षदेखि सरकारको नेतृत्व गर्दै आएपनि कांग्रेस र कम्युनिष्टले देश बनाउन नसकेको उनले बताए ।

कांग्रेस र कम्युनिष्टले देशमा विकास गर्नुको सट्टा लुटतन्त्रमा लागेका कारण देश चरम गरिबीको भूमरीमा फसेको उनले टिप्पणी गरे । जनतालाई मालिक बनाउन लोकतन्त्र आएको भएपनि यी कांग्रेस र कम्युनिष्टले मिलेर देश र जनतालाई कंगाल बनाइदिएको उनले बताए ।

उनले भने, 'यही हालत रह्यो भने नेपाल विश्वकै कंगाल देश बन्ने छन ।' लुटतन्त्रलाई रोक्न र देशलाई अझैं कंगाल हुन नदिन संघर्षको आवस्यकता रहेको उनले औंल्याए ।

रौतहट देशमै सबभन्दा पछाडि पर्नुको जिम्मा कांग्रेस र कम्युनिष्टले लिनुपर्ने समेत उनले बताए ।

रौतहटबासीको राज्यको हरेक अंग र निकायमा कम अवसर प्राप्त भएको तथा विकाशमा सबभन्दा कम लगानी गरेको कारण रौतहट देशमै सबभन्दा पछाडि पर्नु चिन्ताको विषय भएको उनको ठम्याइ थियो ।

देशमा संघीयता आएको भएपनि संघीयता पूर्ण रूपमा लागू हुन् नसक्दा मधेशी जनता अझै धेरै अधिकार पाउनबाट वञ्चित रहेको उनले बताए ।

लामो समयदेखि सत्ताको बागडोर सम्हाल्दै आएका कांग्रेस र कम्युनिष्टले देशमा लुटतन्त्र मचाउनु बाहेक अरु केही गर्न नसकेको उनले बताए ।

कांग्रेस र कम्युनिष्टले देशको नेतृत्व गरेदेखि नै देशमा भएका सबै उद्योग, कलकारखाना बन्द भएर देश चरम गरिबी र बेरोजगारीको चपेटामा परेका कारण देश चलाउन अब कांग्रेस एवं कम्युनिष्टले पूर्ण रूपमा असफल भइसकेको उनले बताए ।

अब जनता समाजवादी पार्टी नेपालले मात्र देश बनाउन सक्ने र मधेशी जनताको बाँकी हक अधिकार दिलाउन सक्ने भएको हुँदा अबको निर्वाचनमा जसपा नेपाललाई बहुमत दिएर निर्वाचित गराउन उनले सबैलाई आग्रह गरे ।

जिल्ला अध्यक्ष श्याम विहारी यादवको अध्यतामा सम्पन्न भएको कार्यक्रममा जसपा नेपालका महासचिव एवं मधेश प्रदेशका पूर्व मुख्यमन्त्री लालबाबु राउत, अर्का पूर्व मुख्यमन्त्री सरोज कुमार यादव, पार्टीका केन्द्रीय सदस्य एवम् मधेश प्रदेशका पूर्व कृषि राज्य मन्त्री योगेन्द्र राय यादव, प्रदेशका पूर्व राज्य मन्त्री शेख फूलबाबु, प्रदेश सांसद शोभा देवी, किरण ठाकुर, युवा नेता राजकुमार दास लगायतका वक्ताहरुले आ-आफ्ना मन्तव्य राखेका थिए ।

# सिकलसेलको औषधि ल्याएर वितरण गर्ने प्रधानमन्त्रीको घोषणा



**काठमाडौं/मस**-प्रधानमन्त्री केपी शर्मा ओलीले छिमेकी भारतमा उत्पादन र परीक्षण भएको सिकलसेलको औषधि ल्याएर नेपालका बिरामीलाई वितरण गर्ने बताएका छन्। नेपालको थारु समुदायमा यो रोग बढी लाग्ने गरेको छ । बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानको १३ औं दीक्षान्त समारोहमा प्रधानमन्त्री ओलीले संसारमा खोज र अनुसन्धानबाट पत्ता नलाग्ने र इमानदार तथा लगनशील भएर काम गरेमा सफलता प्राप्त हुने भएकोले उत्पादित नयाँ चिकित्सकहरुलाई क्स्क्स सिकलसेलको औषधि वितरण गर्न तयार हुनुपर्ने बताएका हुन् । उनले नेपालको यही धर्तीबाट ऋषि चरकले स्वास्थ विज्ञानको थालनी गरेको सन्दर्भ उल्लेख गर्दै सकभर निरोगी हुने र बिरामी भए सुलभरूपमा उपचार पद्धतिका लागि सरकारले ध्यान दिएको जनाए ।

प्रधानमन्त्री ओलीले नेपालका स्वास्थ सस्थामा चिकित्सक विद्यार्थीको कोटा थप्न, यस क्षेत्रलाई प्रभावकारी र सुशासनयुक्त बनाउन सरकार प्रतिबद्ध रहेको स्पष्ट पारे ।

**६५७ विद्यार्थी दीक्षित**

प्रधानमन्त्री ओलीबाट बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानको १३औं दीक्षान्त समारोहमा ६५७ विद्यार्थी दीक्षित भएका छन् । प्रतिष्ठानका सन् २०१० देखि २०१७ ब्याचका एमबीबीएस, बीडीएस, एमडी, एमएस, एमडीएस, डीएम, एमसीएच बीएससी नर्सिङ र २०१२ देखि २०१८ सम्मका एएससी नर्सिङ, बीएमएलटी, बीएमआइटी, एपीएस र पीएडी उपाधि हासिल गरिसकेका विद्यार्थीहरुलाई कूलपति ओलीबाट दीक्षित गरिएको हो । भारतका शिक्षाविद् प्रा.डा ज्योतिर्मोय पलँ प्रमुख अतिथि रहेको कार्यक्रममा सहकूलपति एवम् स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलगायत सहभागी थिए । कार्यक्रममा प्रतिष्ठानले प्रदान गर्दै आएको विभिन्न पुरस्कार उत्कृष्ट विद्यार्थीहरुलाई वितरण गरिएको थियो ।



## कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८१/०७/२७ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८१ मंसिर ०४ गते मंगलबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

### कलंकी, काठमाण्डौ शाखा

**१. ऋणीको विवरण**

**सिमा शाही**
ना.प्र.नं.- ४२२०१८/०९
जारी मिति - २०६६/०८/२५,, जि.प्र.का. स्याङ्जा
बाबु/बाजे - थम्मन बहादुर शाही/धन बहादुर शाही
स्थायी ठेगाना- स्याङ्जा जिल्ला, सेखाम गा.वि.स., वडा नं. १
हालको ठेगाना- काठमाण्डौं जिल्ला, टोखा न.पा., वडा नं. ९

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. **विपिन प्रताप राणा**
ना.प्र.नं.- ३९-०१-७१-०४१७९,
जारी मिति - २०७१/०६/०८, जि.प्र.का. पाल्पा
बाबु/बाजे - वसन्त प्रताप राणा/तुला प्रताप राणा
स्थायी ठेगाना- पाल्पा जिल्ला, बन्दिपोखरा गा.वि.स., वडा नं. ७
हालको ठेगाना- काठमाण्डौं जिल्ला, टोखा न.पा., वडा नं. ९

**लिलाम हुने सम्पत्तिको विवरण**

१. **सिमा शाही**को नाममा मालपोत कार्यालय, नुवाकोटमा दर्ता कायम रहेको नुवाकोट जिल्ला, चौघडा गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. २१२८ को क्षे.फ. १११४.८४ (व.मी) को जग्गा तथा सम्पुर्ण लिगलगापातहरु समेत ।

**२. ऋणीको विवरण**

**बिनोद जङ्ग अधिकारी**
ना.प्र.नं.- ६४५०५
जारी मिति - २०५८/०६/२२, जि.प्र.का. स्याङ्गजा
बाबु - पूर्ण बहादुर अधिकारी
बाजे - भिम बहादुर अधिकारी
स्थायी ठेगाना- स्याङ्जा जिल्ला, भाटखोला गा.वि.स. वडा नं. ९
हालको ठेगाना- काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. १४

**लिलाम हुने सम्पत्तिको विवरण**

१. **विनोद जङ्ग अधिकारी**को नाममा मालपोत कार्यालय चनौली, चित्तवनमा दर्ता कायम रहेको चितवन जिल्ला, जगतपुर गा.वि.स. वडा नं. २ स्थित कित्ता नं.३४५ र ३४६ को क्षेत्रफल जम्मा २३७०.४१ (व.मी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

१. **पूर्ण बहादुर अधिकारी**
ना.प्र.नं.- १०७५८
जारी मिति - २०४७/०४/१४, जि.प्र.का. स्याङ्गजा
बाबु - भिम बहादुर अधिकारी
बाजे - टेक बहादुर अधिकारी
स्थायी ठेगाना- स्याङ्जा जिल्ला, भाटखोला गा.वि.स. वडा नं. ९
हालको ठेगाना- ऐ.ऐ.

२. **निर्मला देवी अधिकारी**
ना.प्र.नं.- १२४२८
जारी मिति - २०५०/०४/११, जि.प्र.का. स्याङ्गजा
बाबु - हुम लाल पाध्या
बाजे - लिलाधर पौडेल
स्थायी ठेगाना- स्याङ्गजा जिल्ला, भाटखोला गा.वि.स. वडा नं. ९
हालको ठेगाना- हालको ठेगाना- ऐ.ऐ.

### बरहथवा, सर्लाही शाखा

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभागको कार्यालयमा मिति २०७२/११/०५ मा दर्ता नं. ४०३०/०७२/०७३ कायम भई सर्लाही जिल्ला, बरहथवा न.पा. वडा नं. ०५ स्थित रजिष्टर्ड कार्यालय रहेको **देबराज ईन्टरप्राइजेज ।**
**सञ्चालक - देवेन्द्र प्रसाद महतो**

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

१. **देवेन्द्र प्रसाद महतो**
ना.प्र.नं.- १९३०८४/१५२
जारी मिति - २०६३/११/०५, जि.प्र.का. सर्लाही
बाबु - आनन्द प्रसाद महतो कोईरी
बाजे - राम नारायण महतो कोइरी
स्थायी ठेगाना- सर्लाही जिल्ला, शंकरपुर गा.वि.स/ न.पा. वडा नं. ०८
हालको ठेगाना - सर्लाही जिल्ला, बागमती गा.वि.स/ न.पा. वडा नं. ०९

२. **बीणा देबी**
ना.प्र.नं.- ०८९०१६७८०
जारी मिति - २०५३/१२/३०, जि.प्र.का. सर्लाही बाबु - नथुनी महतो कोइरी
बाजे - ससुरा राम नारायण महतो कोइरी
पति - आनन्द प्रसाद महतो कोइरी
स्थायी ठेगाना- सर्लाही जिल्ला, शंकरपुर गा.वि.स/ न.पा. वडा नं. ०८
हालको ठेगाना - सर्लाही जिल्ला, बागमती गा.वि.स/ न.पा. वडा नं. ०९

३. **संगीता कुमारी महतो**
ना.प्र.नं.- १९/२०८४/५०१
जारी मिति - २०६९/०४/१०, जि.प्र.का. सर्लाही
बाबु - रामलाल महतो
ससुरा - आनन्द प्रसाद महतो कोइरी
पति - देबेन्द्र प्रसाद महतो
स्थायी ठेगाना- सर्लाही जिल्ला, शंकरपुर गा.वि.स/ न.पा. वडा नं. ०८
हालको ठेगाना - सर्लाही जिल्ला, बागमती गा.वि.स/ न.पा. वडा नं. ०९

४. **आनन्द प्रसाद महतो कोईरी**
ना.प्र.नं.- ४९७/१०६६०
जारी मिति - २०४६/१२/३०, जि.प्र.का. सर्लाही
बाबु - रामनारायण महतो कोईरी
बाजे - बक्का महतो
स्थायी ठेगाना- सर्लाही जिल्ला, शंकरपुर गा.वि.स/ न.पा. वडा नं. ०८
हालको ठेगाना - सर्लाही जिल्ला, बागमती गा.वि.स/ न.पा. वडा नं. ०९

**लिलाम हुने सम्पत्तिको विवरण**

१. **आनन्द प्रसाद महतो कोईरी**को नाममा मालपोत कार्यालय, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, राजघाट गा.वि.स/न.पा वडा नं. शंकरपुर स्थित कित्ता नं. ३३० को क्षेत्रफल ०-९-१७-० (बि.क.धु.क) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **देवेन्द्र प्रसाद महतो**को नाममा मालपोत कार्यालय, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, गंगापुर सितापुर गा.वि.स/न.पा वडा नं. ६/क स्थित कित्ता नं. ३७०६ र ४९२३ को क्षेत्रफल क्रमश ०-०-१०-० र ०-१-०-० (बि.क.धु.क) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
३. धनि कुमारी बैंक लि.(साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **देबराज इन्टरप्राईजेज** कायम भई प्रदेश नं. २ यातायात व्यवस्था कार्यालय, वीरगंजमा दर्ता कायम रहेको चे.नं. MAT464602LSR12975, ई.नं. 4SPCR10PZX627160, सवारी नं. प्रदेश २-०३ ००१-च-२७०६, को XENON YODHA थान १ ।

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितीले ७ औं दिन अर्थात मिति २०८१ मंसिर ०३ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितीले ८ औं दिन अर्थात मिति २०८१ मंसिर ०४ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८१ मंसिर ०४ गते मंगलबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**





## माडी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**बसन्तपुर, चितवन**
**बागमती प्रदेश, नेपाल**
**२०७३**

**प्राविधिक मूल्यांकनको नतिजा प्रकाशन गरिएको सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८१/०७/२७**

यस नगरपालिकाबाट मिति २०८१/०५/११ गतेको NCB/MMO/03/2081-82 को Construction of Black Top Road from Someshwor ma. bi. to ambabas Kuntipur-danda gau samuhik bhawan- tara pati tol- naya gaule tol (Ward 1-2) को विद्युतीय बोलपत्र आह्वान भएको सूचनाबमोजिम e-bidding system मा बोलपत्र पेश गरेका बोलपत्रदाताहरू मध्ये देहायका बोलपत्रदाताहरूको बोलपत्रको प्राविधिक प्रस्ताव स्वीकृत भएकोले मिति २०८१/०८/०४ गते दिउँसो १:०० बजे यस कार्यालयमा उक्त बोलपत्रको आर्थिक प्रस्ताव खोलिने व्यहोरा सम्बन्धित बोलपत्रदाताहरूको जानकारीका लागि माडी नगरपालिका सार्वजनिक खरिद नियमावली,२०७६ को नियम ३७ (५) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**ठेक्का नं**. NCB/MMO/03/2081-82

**ठेक्काको नाम :** Construction of Black Top Road from Someshwor ma. bi. to ambabas Kuntipur-danda gau samuhik bhawan- tara pati tol- naya gaule tol (Ward 1-2)

| क्र.सं. | प्राविधिक प्रस्ताव छनौट गरिएका बोलपत्रदाताहरू | कैफियत |
|---|---|---|
| १ | Kishan and Dristi Builders (P). Ltd., Kathmandu | |
| २ | Pathak/Saurab J.V., Bharatpur-12, Chitwan | |
| ३ | Sabik, Kandel & R.N. Joint Venture, Bharatpur-4, Chitwan | |
| ४ | Shakti Shiva-Januka J.V., Madi-7, Chitwan | |

**प्रमुख प्रशासकीय अधिकृत**





कर्णाली प्रदेश सरकार
## सामाजिक विकास मन्त्रालय
## शिक्षा विकास निर्देशनालय

**सामाजिक विकास कार्यालय, मुगु**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८१/०७/२७**

यस सामाजिक विकास कार्यालय, गमगढी, मुगुबाट मिति : २०८१/०६/१३ गते प्रकाशित सूचनाअनुसार तपसिलबमोजिमको कार्यको लागि विद्युतीय खरिद माध्यमबाट बोलपत्र आह्वान भएको सूचनाबमोजिम पेश भएका बोलपत्रहरू मध्ये तपसिलको बोलपत्रदाता न्यूनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिएकाले स्वीकृतिको लागि छनौट भई सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| S. N. | Description of Work | Contract identification No | Bidder Selected | Bid Price (Including Vat & P.S.) |
|---|---|---|---|---|
| 1 | Two Story Four Room Building Construction for Shree Neapl Rastriya Secondary Residental School,Mugam Karmarong Rural Municipility -03, Takha, Mugu | SDO/MUG/W/ NCB/01/081-082 | S.B Nirman Sewa Soru Rural Municipility-05,Mugu | 40,05,497.22 |
| 2 | Two Room RCC Building Construction for Shree Youba Secondary School,Soru Rural Municipility -06,Sorukot, Mugu | SDO/MUG/W/ NCB/02/081-082 | Susmita Nirman Sewa Sewa, Chhyanath Rara-01, Mugu. | 27,63,978.61 |

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# कोप–२९ सम्मेलन अजरबैजानमा शुरु




काठमाडौं/एजेन्सी– बढ्दो जलवायु चुनौतीको सम्बोधन गर्ने उद्देश्यले अजरबैजानको राजधानी बाकुमा जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र फ्रेमवर्क कन्भेन्सन (कोप–२९) सम्मेलन सोमबारदेखि शुरु भएको छ।

सम्मेलनमा विश्वभरका नेताहरु छलफल र विश्वव्यापी सहकार्यका लागि नोभेम्बर २२ सम्म बाकुमा भेला भइ जलवायु संकटको सामनामा केन्द्रित रहने जनाइएको छ। देशहरुले उत्सर्जनमा कटौती र विश्वव्यापी आपूर्ति शृंखलामा थप उदारलगायतका व्यवस्था गर्न नसकेसम्म कुनै पनि अर्थव्यवस्था जी–२० सहित अनियन्त्रित विश्वव्यापी उष्णताबाट बाँच्न नसकिने तथा गम्भीर मुद्रास्फीति प्रभावबाट उम्कन नसक्ने राष्ट्रसंघले जनाएको छ।

राष्ट्रसंघका अनुसार सम्मेलनले पछिल्लो समयमा विश्वव्यापी तापक्रम उच्च हुँदा बढ्दै गएका प्राकृतिक मौसमी घटनाहरुले कोप–२९ सम्बन्धित सबैलाई विश्वव्यापी मुद्दाको समाधानका लागि एकताबद्ध बनाउनेछ। जलवायु परिवर्तनको प्रभावबाट जीवन रक्षा गर्न खर्बौं डलर आवश्यक रहेकाले कोप–२९ को मुख्य ध्यानाकर्षण आर्थिक मामलामा हुने तथा देशहरुलाई हरित गृह ग्यास उत्सर्जन घटाउन आवाह्न गर्न रहने जनाइएको छ।

यस वर्षको सम्मेलन नयाँ वित्तीय प्रतिबद्धतामा केन्द्रित छ। जसलाई 'न्यु कलेक्टिभ क्वान्टिफाइड गोल (एनसिक्युजी)' नाम दिइएको छ। एनसिक्युजी वा 'फाइनान्स कोप' भनेर चिनिने नयाँ लक्ष्य यस सम्मेलनमा छलफल हुने र सन् २०२५ देखि प्रभावकारी हुने लक्ष्य राखिएको छ।

जलवायु वित्तसम्बन्धी स्वतन्त्र उच्चस्तरीय विशेषज्ञ समूहको सन् २०२२ को प्रतिवेदनअनुसार विकासशील देशहरुलाई जलवायु वित्त आवश्यकताहरु पूरा गर्न सन् २०२५ सम्ममा प्रतिवर्ष १० खर्ब अमेरिकी डलर तथा सन् २०३० सम्ममा २४ खर्ब अमेरिकी डलर चाहिन्छ। कोप–२९ को मुख्य उद्देश्य जलवायुसम्बन्धी चुनौतीहरुको सामना गर्न कमजोर देशहरुलाई सहयोग गर्न वित्तीय लक्ष्यहरुमा सम्झौताहरु सुरक्षित गर्नु हो।

'युएनइपी उत्सर्जन ग्याप रिपोर्ट २०२४' का अनुसार तापक्रम क्रमशः दुई डिग्री सेल्सियस तथा एक दशमलव पाँच डिग्री सेल्सियसभन्दा कम राख्ने र सन् २०३० सम्ममा पाँच दशमलव पाँच प्रतिशत र नौ प्रतिशतले घटाउनु पर्नेछ।

कोप–२९ का विषयवस्तुहरुले वित्त, ऊर्जा सङ्क्रमण, मानव पूँजी, जैविक विविधता, खाद्य सुरक्षालगायत जलवायुका पक्षहरुलाई सम्बोधन गर्नेछन्। वर्ल्ड लिडर्स क्लाइमेट एक्सन समिटजस्ता उल्लेखनीय सत्रहरुले उच्चस्तरीय छलफललाई सहज बनाई युवा, स्वास्थ्य र सहरीकरणका संवादलाई बढावा दिनेछन्।

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Soundlines Recruitment PVT LTD.** (श्रम इजाजत पत्र न **५७२÷०६२÷०६३**) मा कार्यरत तपशिल उल्लेखित कर्मचारीहरुले आफ्नो पदबाट राजिनामा दिनुभई निजहरु यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै निजहरु सँग यस प्रा.लि. को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनहुन यसै सार्वजनिक सूचनाद्धारा जानकारी गराईन्छ। यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन। साथै कुनै दाबी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा. लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.नं. | नाम | पद | ना.प्र.नं. |
|---|---|---|---|
| १ | गोपाल ढुङगाना | Deployment Officer | २०२६/२००४ |
| २ | विराज चौधरी | Assistant Admin manager(For saudi) | ५२२००६/२६६२ |

श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Sherman Global Management Consultants Pvt.Ltd. (श्रम इजाजत पत्र नं. १२१९/०७४/०७५)** पब्लिक रिलेशन अफिसरका रुपमा कार्यरत कर्मचारी धन बहादुर वि.क., **नागरिकता नं ९१५४-६८-५०२७** लाई यस कम्पनीबाट हटाइएको व्यहोरा सर्वसाधारणको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ। साथै निजसँग यस कम्पनीको हैषियतमा कोही कसैले यस कम्पनीसँग सम्बन्धित कुनै पनि किसिमको कारोबार नगर्नु/नगराउनु होला। यदि गरे गराएमा यस कम्पनी जवाफदेही नहुने व्यहोरा पनि यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै कोही कसैको केही गुनासो भएमा यस कम्पनीको कार्यालय वा वैदेशिक रोजगार विभाग, ताहाचल, काठमाण्डौंमा ७ दिनभित्र सम्पर्क गर्नु हुन यसै सूचनाद्वारा जानकारी गराईन्छ।

SGMC SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD. Gov. Lic No. 1219/074/075
Sinamangal-9, Kathmandu | Tel: 4573705 | 4594457
Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com

## वर्गीकृत डिस्प्ले

### मोटरसाईकल हराएको सूचना

मिति २०८१/०७/२१ गते रातको २०:०० बजेको समयमा काठमाडौं जिल्ला का.म.न.पा.-३१, नगेन्द्र कान्छा चोकमा पार्किङ गरिराखेको बा.प्र. ०२–०५० प–३९८४ नम्बरको रातो सेतो रङको 200cc NS पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा खवर गरिदिनुहोला।
**सवारी धनि:** विरेन्द्र शाह
**च्यासिस नं.:** MD2A36FX3RCM95500
**इन्जीन नं.:** JLXCRM65196
**सम्पर्क :** ९८४०२७७९६८

### माइग्रेसन हराएको सूचना

मिति २०८१/०५/१५ गते काठमाडौंबाट भक्तपुरजाँदा मेरो निम्न व्यहोरा भएको १०+२ तहको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले निम्न मोवाइल नं. वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन विनम्र अनुरोध गर्दछु।
**नाम : प्रीति गिरी**
**रजिष्ट्रेसन नं. : ७६७१०१५१७**
**सिम्बोल नं.: २७१०३८४**
**मोवाइल नं.: ९७६४३६८८९१**

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/१२/१६ मा दर्ता भएको **प्रा.लि. नं. २८७९५५४** को **फियर डिङ्कम एजुकेशनल सर्भिसेस प्रा.लि.** को मिति २०८१/०७/२६ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।
**लिक्विडेटर: शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

### मोटरसाईकल हराएको सूचना

मिति २०८१/०७/२३ गते अन्दाजी २१:१५ देखि २१:५५ बजेको समयमा काठमाडौं जिल्ला का.म.न.पा.-३२, हितराज मार्ग, पेप्सीकोलामा रहेको आफन्तको घरको गेटबाहिर पार्किङ गरिराखेको बागमती प्रदेश ०२–०५३ प–१६२९ नम्बरको कालो रातो रङको १५० सीसी पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा खवर गरिदिनुहोला।
**सवारी धनि:** श्री पशुपती ईलेक्ट्रोनिक्स प्रा.लि.
**ऋणी :** खेम राज अधिकारी
**च्यासिस नं.:** MD2A11CX9RPD59042
**इन्जीन नं.:** DHXPRD80450
**सम्पर्क :** ९८५८४२१९६३

## कुवेतमा रोजगार

